# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**28th SEPTEMBER 2015**

| वर्ष- ३३ | अङ्क- ५ | यँयाःपुन्हि | आश्विन २०७२ |
|---|---|---|---|





कपाल । (केश) फुल्दैमा स्थविर भनिन्न । आयु परिपक्व भएपनि (उक्त व्यक्तिलाई) व्यर्थै जीवन गुमाउने बूढा भनिन्छ ।

धेरै बोल्न जानेपनि उसलाई धर्मधर भनिन्दैन । थोरै मात्र सुनी तदनुसार आचरण गर्नसक्ने व्यक्तिलाई धर्म धर कहलाइन्छ । उसले आचरण गर्ने धर्ममा प्रमाद (वेहोशीपना) हुँदैन ।

जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमन आदि गुण छ, त्यस व्यक्तिलाई निर्मल भइसकेको धीर पुरुष तथा स्थविर भनिन्छ ।

धेरै बोल्न जाने पनि त्यसलाई पण्डित भनिन्दैन । जो व्यक्ति क्षमाशील, अवैरी तथा भयरहित छ, त्यसलाई पण्डित भनिन्छ ।


*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९
नेपाल सम्बत् ११३५
इस्वी सम्बत् २०१५
बिक्रम सम्बत् २०७२

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# पुण्य कर्मको महिमा

पुण्य कर्मको परिभाषा धेरैजसो मानिसहरूले बुझ्न सकिरहेका छैनन् भन्दा अत्युक्ति हुने छैन । त्यसैले होला धेरै जसो मानिसहरू मूर्ति अगाडि फूल, धूप, नैवेद्य आदि चढाई हात जोडी विन्ति गर्नुलाई नै धर्म वा पुण्य कार्य ठानिरहेका हुन्छन् । तर बुद्ध शिक्षानुसार आफूलाई र अरूलाई हितोपकार हुने कुरा गर्ने र काम गर्नुलाई पुण्य भनिन्छ। अर्को शब्दमा भन्ने हो भने दान (त्याग चेतना) शील (सदाचार) र ध्यान भावनाको अभ्यास गर्नु नै पुण्य वा धर्म हो । अर्को शब्दमा भन्ने हो भने राग, द्वेष र मोहले दूषित चित्तलाई हटाई, शुद्ध एवं निश्वार्थ चित्तले कार्य गर्ने अभ्यासलाई पुण्य कार्य भनिन्छ ।

लुगा मैलो भएपछि सावुन लगाई पानीले पखाली मयल निखार्ने गरिन्छ। तर दूषित एवं धमीलो मनलाई पुण्य कार्य रूपी सावुन लगाई शुद्ध पार्ने गरिन्छ।

चित्त परिशुद्ध व्यक्ति (अरहन्त) ले पनि आफूले अरहन्त हुनुभन्दा पहिला रोपेर आएको राम्रा नराम्रा कर्मको फल भोग्नुपर्ने हुन्छ।

उदाहरणको लागि लोसक नामक भिक्षु अरहन्त हुनुहुन्थ्यो। तर उहाँले कहिले पनि पेटभरी खाना खान पाउँदैनथ्यो । भिक्षु सारीपुत्रले उहाँलाई आफ्नै हातले भोजन खुवाउनु हुन्थ्यो बालकलाई जस्तै। यसरी अरूले खाना खुवाउँदा मात्र उहाँले पेटभरी खान पाउनु हुन्थ्यो । आफूले खाना खाँदा उक्त खाना पेट भरि खानलाई नपुग्ने भएर जान्थ्यो । यो उहाँको पहिलाको दूषित कर्मको फल थियो ।

भिक्षु शीवलीलाई भगवान् बुद्धलाई भन्दा पनि बढि लाभ सत्कार प्राप्त हुने गर्थ्यो। यो उहाँको पहिलाको जन्मको राम्रो कर्मको फल थियो ।

भिक्षु सारीपुत्तले भिक्षु अस्सजीको तर्फबाट धर्म सम्बन्धी दुईवटा पदमात्र सुन्ने वित्तिकै स्रोतापन्न हुन सफल भएको थियो। यसको प्रमुख कारण उहाँले पहिला पहिलाको जन्ममा धर्म अध्ययन र अभ्यास गरेर आएको फल हो । यही फलले उहाँ बुद्धको अग्रश्रावक बन्न सफल हुनुभयो ।

पाली साहित्य अध्ययन गर्ने क्रममा सोपाक नामक बालकलाई मार्ने उद्देश्यले कसैले उसलाई मसानमा लगी एक लास संग कसेर बाँधि दियो । तर उक्त बालक मरेन । भगवान् बुद्धले त्यस बालकलाई बचाएर ल्याई भिक्षु बनाईदिनुभयो। फल स्वरूप त्यस बालकले धर्म अभ्यास गर्दै अरहन्त (ज्ञानको तह बढाउँदै परिशुद्ध चित्त सहितको व्यक्ति) बन्न सफल भयो । पुण्य कर्मको फल भएका व्यक्तिहरूलाई उक्त पुण्यले हरेक क्षेत्रमा साथ दिइरहेको हुन्छ। धर्मको फल हामीले यहिंको यहिं देख्ने गरी (सन्दिट्ठिको) दिने गरिन्छ । अकालिको अर्थात् समय नबित्दै यही जन्ममा फल दिने गर्दछ ।

उदाहरणको लागि राणाशासनकालमा जुद्ध शम्शेरले ८ जना भिक्षुहरूलाई देश निकाला गरेको थियो । उहाँ भिक्षुहरूलाई दाता भाजुरत्न कंसाकारले कालिम्पोङ्गमा गाँस र बासको व्यवस्था मिलाई सेवा गर्नु भएको थियो । यसरी नै उहाँको छोरा दाता मणिहर्षले भिक्षुहरूलाई कलकत्तामा राखी सेवा गर्नुभएको थियो । त्यतिमात्र होइन दाता भाजुरत्नले श्रीघः परिसरमा विहार बनाई पुण्य कार्य गर्नुभएको थियो । उक्त विहारमा आज सम्म पनि भिक्षुहरू बसोबास गरी भगवान् बुद्धको अमूल्य शिक्षा प्रचार गरिरहनु भएका छन् । गुंला पर्व एक महिनासम्म भिक्षु भिक्षुणीहरूको तर्फबाट धर्मदेशना हुने गर्छ ।

दाता भाजुरत्नका पुत्र मणिहर्ष कंसाकारले धर्मोदय सभा स्थापनार्थ भिक्षु अमृतानन्दसंग सहकार्य गरी धेरै सहयोग गर्नु भएको छ । धर्मोदय मासिक पत्रिका प्रकाशनार्थ कलकत्तामा आर्थिक सहयोग प्रदान गरी धर्मप्रचार गर्नुभयो। त्यतिमात्र होइन धर्मोदय पत्रिका सम्पादन कार्यमा संलग्न रहनु भएका भिक्षु अनिरूद्ध, भिक्षु महानाम र फणिन्द्ररत्न वज्राचार्य आदिलाई कलकत्ता स्थित आफ्नै निवासमा काम दिई पुण्य सञ्चय गर्नु भएको थियो। त्यसपछि धर्मोदय सभाको माध्यमबाट



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार गर्नु भएको थियो । यसरी नै दाता मणिहर्षले कल्याण मित्र सत्यनारायण गोयन्का द्वारा सञ्चालित ध्यान शिविरमा विपश्यना ध्यान अभ्यास गर्नुहुँदै र आवश्यक सहयोग पनि पुऱ्याउनु हुँदै दिवंगत हुनुभयो ।

त्यसपछि उहाँका दुई पुत्रहरू मध्ये जेष्ठ पुत्र पद्मज्योती कंसाकारले धर्मोदय सभाको कोषाध्यक्ष पदमा रही धर्मप्रचार कार्यमा सहयोग गरिरहनु भयो भने कान्छो पुत्र रूपज्योती कंसाकारले धर्मश्रृङ्ग ध्यान केन्द्र संचालनार्थ आवश्यक सहयोग गर्नुभई धर्मप्रचार कार्यमा संलग्न रहनु भएको छ ।

यसरी धर्मप्रचार कार्यमा योगदान दिनुभएनुसार उहाँहरूले आफ्नो जीवनमा धर्मको फल पाइरहनु भएको छ ।

दाता द्रव्यमान सिंह (भाइराजा) तुलाधरले पनि धर्मकीर्ति विहारमा चारधाम सहितको बुद्ध मूर्ति स्थापना गरी भवन पुनः निर्माण गर्नका लागि करोडौं धन खर्च गर्नुभई पुण्य सञ्चय गर्नु भएको थियो । यस भवन निर्माणको लागि पूर्व विहारदाताहरू सानुरत्न स्थापित प्रमुख अन्य चारजना दाताहरूले आफूले पहिला बनाएका कोठाहरू भत्काई विहार पुनः निर्माण गर्न अनुमति दिई पुण्य कार्यमा उदार हृदयले सहयोग गर्नु भएका थिए ।

यसरी नै दाता द्रव्यमानले किण्डोल स्थित निर्वाण मूर्ति विहारमा भगवान बुद्धको परिनिर्वाण मूर्तिको हल जीर्णोद्धार गरी नयाँ हल निर्माण गरिदिनु भयो । स्मरणिय छ धर्मकीर्ति विहारमा बसेको वैठकमा एक भिक्षुले दाता द्रव्यमान सिंहलाई बुद्धकालिन दाता अनाथ पिण्डिक संग तुलना गरी प्रशंसा गर्नुभएको थियो । उक्त समयमा उहाँले भन्नुभयो–

"मलाई त्यसरी सम्मान नगरिदिनुभए हुन्थ्यो । मेरो इच्छा त धर्म प्रचार मात्र हो ।"

उहाँको इच्छा अनुसार धर्मकीर्ति विहार र किण्डोल विहारमा पनि धर्मप्रचार भइरहेको छ । सुनिन्छ यसरी धर्मप्रचारार्थ सहयोग गरेको कारणले होला उहाँको जीवनमा धर्मले अझ बढि साथ दिइरहेको चर्चा छ ।

यसरी नै ताम्राकार हाउसले पनि सानो भऱ्याङ्गमा रत्न विपस्सना ध्यान केन्द्र स्थापना गरेकोले उक्त विहारले पनि धर्म प्रचार गरी मानिसहरूलाई धर्म अभ्यास गराउन सहयोग पुऱ्याइरहेकोले होला उक्त दाताहरूको जीवनमा पनि धर्मले साथ दिइरहेको चर्चा सुनिन्छ ।

यसरी नै चर्चा गर्न योग्य अर्को व्यक्ति हुनुहुन्छ दाता मोतिलाल शिल्पकार । उहाँले ललितपुरमा मात्र होइन, लुम्बिनी स्थित गौतमी विहारमा पनि धेरै सहयोग गर्नुभएको छ । उहाँले बौद्ध परियत्ति शिक्षाको लागि आवश्यक पुस्तकहरू प्रकाशन गरी धर्मदान गरिरहनु भएको छ । बनेपा स्थित ध्यानकुटी विहारमा भवन निर्माण गरी हाल वाल आश्रमलाई पनि सहयोग गरिरहनु भएको छ । त्यति मात्र होइन उहाँले अन्य धेरै विहारहरूमा पनि आवश्यक सहयोग गरिरहनु भएको छ ।

यसरी धर्मक्षेत्रमा योगदान पुऱ्याउनुभएका दाताहरूको वर्तमान अवस्थामा नै आर्थिक उन्नति हुँदै गइरहेको चर्चा सुनिन्छ । त्यसैले होला भगवान बुद्धले भन्नु भएको– मैले जस्तो दानको महत्त्व बुझ्ने व्यक्ति अरू कोही छ भने उनीहरूले दान नदिईकन बस्न सक्दैन ।"

त्यसैले होला धर्मको गुणमा (सन्दिट्ठिको) यहिं देखिने गरी फल दिने र (अकालिको) समय नबित्दै फल दिने भनी उल्लेख गरिएको छ ।

यी बाहेक अन्य थुप्रै दाताहरूले विभिन्न विहारहरू लगायत धार्मिक क्षेत्रहरूमा उदार चित्त सहितले सहयोग गरिरहनु भएका छन् । सवै दाताहरूको नाम उल्लेख गर्न चाहेर पनि यहाँ उल्लेख गर्न सकिएन । यसको लागि धर्मकीर्ति क्षमाप्रार्थी छ । जेहोस, धर्मकीर्तिको यहाँ उल्लेख गर्न खोजिएको प्रमुख विषय भनेको नै धर्मलाई रक्षा गर्ने व्यक्तिलाई धर्मले समय नबित्दै फल दिइरहेको हुन्छ ।

त्यसैले बैशाख १२,१३, र २९ गतेको महाभूकम्प एवं पराकम्पनले नेपालीहरूलाई पुऱ्याएको क्षतिमा जतिपनि दाताहरूले भूकम्पपीडित नेपालीहरूलाई मैत्रीपूर्वक सहयोग गर्नुभएका छन्, उहाँहरूलाई पनि धर्मले अवश्य साथ दिनेछ । यसमा दुईमत हुन सक्दैन ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२९०

✍ डा. रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**आसा यस्स न विज्जन्ति–अस्मिं लोके पारम्हि च**
**निरासयं विसंयुत्तं–तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ–* यस लोक र परलोकको आशा नभएको आशक्त नभएको संयोग नभएका त्यस्ता व्यक्तिलाई नै म साँच्चैको ब्राह्मण भन्दछु ।

*घटना–* उपरोक्त गाथा भगवान बुद्धले जेतवन महाविहारमा बस्नु भएको बेला सारीपुत्र स्थविरको कारणमा भन्नु भएको थियो ।

सारिपुत्र स्थविरले आफ्ना पाँचसयजना शिष्य परिवारसँगै एउटा विहारमा वर्षावास बस्ने इच्छा गर्नुभयो । त्यहाँका उपासकहरूले स्थविरलाई देखी उहाँको परिवारसँगै वर्षावासमा आवश्यक कुरा पुऱ्याइदिन्छौं भनि वचन दियो । पछि वर्षावास सकिएपछि पवारणा गरीसकेपछि पनि आवश्यक कुरा आइपुगेको थिएन । वर्षावास बसेका सबैजना त्यहाँबाट हिंडेको थिएन । त्यो बेलामै सारिपुत्र स्थविर तथागतकहाँ जान लाग्नु भएको थियो ।

जानु अगाडि सारिपुत्र स्थविरले अरू स्थविरहरूलाई भन्नुभयो– "उपासकहरूले तिमीहरू श्रामणेरहरूलाई वर्षावासिक सामग्री केही दिन ल्यायो भन्ने तिमीहरूले लिएर उता पठाइदेउ । अथवा त्यो वस्तुहरू तिमीहरूले लिएर मकहाँ समाचार भएपनि पठाइदेउ ।" यति भनेर सारिपुत्र स्थविर तथागतकहाँ जानुभयो ।

यो कुरा थाहा पाएपछि भिक्षुहरूको बिचमा चर्चा भयो– "कसो हो । सारिपुत्र स्थविरसंग अझै तृष्णा (लोभ) बाँकि छ कि के हो, जो उहाँले सामग्रीहरूको वारेमा यसरी भनेर आयो ?"

भिक्षुहरूको बिचमा यस्तो चर्चा चलिरहेको बेलामा भगवान बुद्ध त्यहाँ आइपुग्नु भयो । भगवान बुद्धले भिक्षुहरूसँग "यति बेला तिमीहरूको बिचमा के को कुरा भइरहेको छ ?" भनी सोध्नुभयो तथागतले सोध्नु भएपछि भिक्षुहरूले आफूहरू बीच भइरहेको कुरा सुनाए ।

अनि तथागतले भन्नुभयो– "हे भिक्षुहरू" मेरा पुत्रसँग तृष्णा छैन । मानिसहरूको पुण्य लाभ गर्ने अवसर र साना श्रामणेरहरूको धार्मिक लाभको हानि नहोस् भन्ने विचारले त्यसरी भनेर आएका हुन् ।"

यसरी आज्ञा भएर भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्य

क्र.सं. ८३७

**सरीता मानन्धर**
कमलाक्षी, काठमाडौं ।
रू. २,०००/–

क्र.सं. ८३८

**सानु नानी शाक्य**
नागबहाल, वडा नं. १६
पाटन, ललितपुर ।
रू. २,०००/–

क्र.सं. ८३९

**बेखामाया डंगोल**
खिचापोखरी, काठमाडौं
रू. २,००५/–

क्र.सं. ८४०

**ज्योति रत्न स्थापित**
न्हयोखा, काठमाडौं
रू. २०००।–

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ नन्दकुमार भगवान्भन्दा चार इन्च होचो थिए ।
★ नन्दकुमारलाई उसको अभिषेक, गृह प्रवेश र विवाहको दिनमा प्रवजित गरिएको थियो । आफ्नै दिदी नन्दाकुमारी सँग उनको विवाह हुन लागेको थियो ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# चार प्रकारका मानिसहरू

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

भगवानले भन्नुभएको थियो कि यस संसारमा चार प्रकारका मानिसहरू छन् । साँच्चै यस संसारमा चार प्रकारका मानिसहरू छन् ।

पहिलो प्रकारका मानिस– जीवनमा अन्धकार नै अन्धकार छ अर्थात् दुःख छ । विभिन्न प्रकारका दुःख- शारीरिक दुःख, मानसिक दुःख, आर्थिक दुःख, पारिवारिक दुःख, सामाजिक दुःख । विभिन्न प्रकारका दुःखहरू व्याप्त छन् । व्याकुल हुनाले दुःखी छन् र भित्र अलिकति पनि प्रज्ञा छैन । मानिसले ज्ञान नहुँदा के गर्छ, दुःखको अवस्थामा क्रोध नै क्रोध, द्वेष नै द्वेष, दुर्भावना नै दुर्भावना जगाउँछ । मलाई यो दुःख त्यो व्यक्तिको कारणले भयो । मलाई यो दुःख यस घटनाको कारणले भयो । यसरी द्वेष नै द्वेष । यी दुःख त आफ्नो पुरानो द्वेषपूर्ण कर्मको कारण आउँछन् । अब नयाँ बीऊ पनि द्वेषको रोप्दै छ भने यसबाट आउने नयाँ फल पनि द्वेषको नै आउने भयो । अब पनि दुःख नै दुःख छ । पछिको लागि पनि दुःख नै दुःख बनाईंदैछ । अहिले जस्तो बिऊ रोप्यो त्यसको फल पनि त्यस्तै आउँछ । यस्तो व्यक्ति अँध्यारोबाट अँध्यारो तर्फ कुडेको झैं भयो । वर्तमान पनि दुःख पूर्ण, भविष्य पनि दुःख पूर्ण । वर्तमान पनि अँध्यारो ले भरेको भविष्य पनि अँध्यारोले भरेको ।

दोश्रो प्रकारका मानिस– उज्यालोबाट अँध्यारो तर्फ गइरहेका मानिसहरू । यहाँ उज्यालो भन्नाले उ संग धन छ, सम्पत्ति छ, मान छ, सम्मान छ, मर्यादा छ । मानिसहरू प्रशंसा नै प्रशंसा गर्छन् । तर उसंग प्रज्ञा छैन । यी जुन धन-सम्पत्ति, मान-सम्मान पुरानो सत्कर्मको कारण प्राप्त भएको छ । भित्र-भित्रै सँधै आफू धनवान भएको, किर्तिमान भएको बारे अहंकार जगाईरहन्छ । अन्य व्यक्ति प्रति घृणा नै घृणा आफूले आफूलाई समझदार, बुद्धीमान थान्छ, यस्तो गरेर यति धन प्राप्त भयो, मैले यसरी कमाएँ । त्यो व्यक्ति हेर गए-गुज्रेको, यस्तो गरीब, यस्तो दरिद्र आदि । म यस्तो-त्यो त्यस्तो, म यस्तो– त्यो त्यस्तो । हर समय चिन्ता । चिन्ता नै चिन्ता ।

अहिले अहंकारको बीऊ रोपेको छ, घृणाको बीऊ रोपेको छ, द्वेषको बीऊ रोपेको छ । यस जीवनमा त चारै तर्फ प्रकाश नै प्रकाश छ अर्थात् चारैतर्फ सुख-सम्पदा छ । तर जुन बीउ आज रोपेको छ त्यसको फल कस्तो आउँछ ? अहिले जुन दूषित बीऊ रोपेको छ त्यसले त अन्धकार नै ल्याउँछ, दुःख नै ल्याउँछ । यस समय जुन सुखद सम्पदा सुखद स्थिति प्राप्त भएको छ, त्यसको आफ्नो परिधि छ । त्यो एक समय अवश्य समाप्त हुनेछ । त्यस पछि त आजको दुःखद बीऊको दुःखद फल नै आउँछ । यस्तो व्यक्ति प्रकाशबाट अन्धकार तर्फ हिँडिरहेको छ । सुखद स्थितिबाट दुःखद् स्थिति तर्फ लाग्दैछ ।

तेश्रो प्रकारका मानिस– यस प्रकारका मानिस पहिलो किसिमको मानिस जस्तै हो । यस जीवनमा अन्धकार नै अन्धकार छ । तर भित्र प्रज्ञा छ । उसले र ाम्ररी बुझेको छ कि अहिले यस जीवनमा जुन अन्धकार आएको छ । त्यो यस व्यक्तिको कारण होइन, यस स्थितिको कारण होइन, यस घटनाको कारण होइन । यी त माध्यम मात्र हुन । दुःख त हुनै पऱ्यो । मेरो आफ्नो पूर्व दुष्कर्मको कारण यस्तो फल आउनै पऱ्यो । अब नयाँ दुष्कर्म गर्दिन । दुःखको नयाँ बीऊ रोप्दिन, नयाँ द्वेष जगाउँदिन । मैत्री नै जाग्छ । यो व्यक्ति मेरो दुःखको माध्यम बन्न पुग्यो । उसले आफ्नो कर्मको फल भोग्न नपरोस् । उनको मंगल कसरी हुन्छ । उनको कल्याण कसरी हुन्छ ? यस प्रकार जुन बीऊ रोपिन्छ मंगल मैत्रीको नै रोपिन्छ । यो कर्मबीऊबाट सुख नै पलाउँछ । यस समय अन्धकार भएर के भयो र ? भविष्यको लागि प्रकाश नै प्रकाश हुनेछ, प्रकाश नै प्रकाश हुनेछ । आज दुःख भए पनि पछि सुख नै सुख हुनेछ । अँध्यारोबाट प्रकाश तर्फ लाग्ने यी तेश्रो वर्ग का व्यक्ति हुन् ।

चौथो प्रकारका मानिस– यस प्रकारको मानिसको जीवनमा यस समय प्रकाश नै प्रकाश छ । सुख छ, सुविधा छ, धन छ, दौलत छ, प्रतिष्ठा छ । साथ-साथै भित्र सजग प्रज्ञा पनि छ । उसले राम्ररी बुझेको हुन्छ कि पहिलाको कुनै सत्कर्मको कारण यी सबै प्राप्त भएका हुन् । जति सुकै राम्रो कर्म गरेको भए पनि आखिर त्यसको फल अनन्तकालसम्म रहँदैन, यसकोआफ्नो सीमा छ, एक समय



Downloaded from http://www.dhamma.digital

यो समाप्त हुनेछ त्यसैले जबसम्म छ, जति दिन छ त्यसको पूरा लाभ लिनु छ। गृहस्थ भएको कारण आफ्नो भरण पोषण गर्नु, परिवार पाल्नु आफू माथि निर्भर रहेका व्यक्तिहरूको हेर विचार गर्नु, आफ्नो कर्तब्य हो। यस भन्दा बढी जो जति सक्छ त्यति मानिसहरूको कल्याण गर्ने काममा लाग्छ । बढी भन्दा बढी मानिसहरूलाई शुद्धधर्म कसरी प्राप्त हुन्छ, बढी भन्दा बढी मानिसहरूले आफू भित्र कसरी प्रज्ञा जगाउँछ, धेरै भन्दा धेरै मानिसहरू दुःखबाट कसरी मुक्त हुन्छ। यस्तो भाव मनमा जागिरहन्छ। यस्तो व्यक्तिको जीवनमा अब पनि प्रकाश छ र उस्तै पछिका जीवनका लागि पनि प्रकाश फल्ने बीऊ नै रोप्दछ। यस्तो व्यक्ति प्रकाशबाट प्रकाश तर्फ लाग्छ। सुखबाट सुख तर्फ नै अघि बढ्छ। उसको वर्तमान पनि सुखपूर्ण र भविष्य पनि सुखपूर्ण नै हुन्छ।

हामी पहिलो तथा दोश्रो किसिमको मानिस कदापि नबनौं। तेस्रो तथा चौथौं प्रकारका मानिस बनौं। तेस्रो अथवा चौथो प्रकारका मानिस हुनु हाम्रो अधिनमा छैन। किनभने जीवनमा अनेक पटक अँध्यारो आउनेछन्, दुःख आउनेछन्। धेरै पटक सुख पनि आउँछ। पुरानो जीवनमा, पहिलाको जन्ममा अनेक प्रकारका काम गरेको होला, राम्रो पनि र नराम्रो पनि । त्यसको फल राम्रो पनि आउनेछ र नराम्रो पनि आउनेछ। चाहे सुख आवोस् चाहे दुःख आवोस्, चाहे प्रकाश आवोस् चाहे अन्धकार आवोस् भित्र त सँधै प्रकाश नै प्रकाश प्रज्वलित गरिराखौं। भविष्यमा अन्धकार हुने, दुःख हुने संस्कार कदापि नबनाऔं।

विपश्यनाबाट हामी यही सिक्छौं। **अत्ता हि अत्तनो नाथो, अत्ता हि अत्तनो गति** – प्रत्येक व्यक्ति स्वयं आफ्नो मालिक हो, आफ्नो गति आफूले नै ल्याउँछ। आफ्नो मालिक आफै हो। यस क्षणको मालिक बनौं। पहिला जे गर्‍यौं सो गर्‍यौं, त्यो समय बितिसक्यो। तर यस समयको मालिक त बन्न सक्छौं। यस क्षणको मालिक बन्न सके मात्र भविष्यको मालिक बन्न सक्छ। भविष्य भनेको बर्तमानको नै सन्तान हो। अहिलेको समय बितेर नै भविष्य बन्ने हो। त्यस्तै वर्तमान बितेको क्षणको सन्तान हो। बितेको समयमा जे जति गर्‍यौं सो गर्‍यौं। अब वर्तमानको मालिक भयो भने पछिको समय बिग्रने छैन। तब **अत्ता हि अत्तनो गति**। मानिस आफ्नो दुर्गति पनि आफै बनाउँछ, आफूले नबुझ्दा आफ्नो दूर्गति आफैले बनाईरहेको हुन्छ। अब यस्तो दुर्गतिबाट बचौं, सद्गति बनाऔं। किनकि आफ्नो मालिक आफै भएको ले आफ्नो लागि दुर्गति किन बनाउने ? सद्गति मात्र होइन सारा गतिबाट टाढा मुक्त अवस्थासम्म पुग्छौं। किनभने अब आफू नै मालिक भयो। यसरी अत्ता हि अत्तनो नाथो भयौं। केबल प्रवचन सुनेर हुन सक्दैन। केवल वाणी – विलास, बुद्धी विलास गरेर यस्तो हुन सक्दैन। त्यसको लागि आफैले मिहिनत गर्नुपर्छ। अन्तरमुखी भएमा मात्रै आफ्नो मालिक बन्छौं। आफ्नो मंगल गर्न सक्छौं र अन्यको मंगल कार्यमा सहायक बन्न सक्छौं। धर्म धारण गर्दा मंगल नै मंगल हुन्छ। सबैको मंगल हुन्छ। ❖

*(साभार- 'विपश्यना' वर्ष-३२, अङ्क-२, जेष्ठ २०७२)*

# मनू जुयाच्वने सयेकि

✍ **पुष्परत्न ताम्राकारं** 'स्वीतहर्ट'

मनू जुयाः मनू जुयाच्वने सय्‌कि
मनूयाके दयेमाःगु गुण दयेका च्वने फयेकि।

प्राणी हिंसा यायेगु त्वःति
दया-माया यानाः जुइगु सय्‌कि।
मखुगु लँपुई वनेगु त्वःति
भिंगु लँपुइजक वनेगु सय्‌कि।

मखुगु खँ ल्हानाजुइगु त्वःति
खःगुजक ख ल्हानाजुइगु सय्‌कि
सुरापान यानाजुइगु बानी त्वःति
मैत्रीया भाव तयाजुई सय्‌कि।

क्षुद्र वचन ल्हायेगु त्वःति
सकसिनं नं ययेकाःजुई सय्‌कि
नुगलय् स्याकेगु ज्या नं त्वःति
थःगु चित्त निं बांलाके फय्‌कि

धर्मप्रति नं मन क्वसाय्‌कि
अहंकार भावयात न्हापां त्वःति
धर्म कर्म नं यानाजुई सय्‌कि
व्यभिचार बानीयात चटक्क त्वःति।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–१७

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

## परम्परा रीतिथिति र चाडपर्वहरू

अरूलाई हानी नहुने खालका परम्परा र रीतिथिति प्रति बुद्धधर्मले उदार दृष्टिकोण राखेको छ।

परम्परागत कुरा हो भनी अन्धानुकरण नगर्न बुद्धले हामीलाई सिकाउनु भएको छ। 'जाँच र प्रयोग बिना कुनै पनि रीतिथितिलाई स्वीकार नगर्नु। यदि तिमीलाई र अरूलाई पनि लाभ हुने, फाइदा हुने, सुख दिने ठहरियो भनेमात्र ती परम्परा वा रीतिथितिलाई अंगीकार गर।'

– (कालाम सूत्र)

अरू कुनै पनि धर्मगुरूहरूले नभनेका सबैभन्दा क्रान्तिकारी भनाइमध्ये यो पनि एक हो। कतिपय धर्मगुरूहरूको यस्तो सहिष्णुताबारे जानेकै छैनन्। तिनीहरूले आफ्ना नयाँ अनुयायीहरूलाई असल वा खराब नहेरी आफ्नै किसिमका नयाँ परम्परा, रीतिथिति र संस्कृतिबारे सिकाउँछन्। बुद्धको शिक्षा प्रचारकहरूले आ-आफ्नो अनुकूल रीतिथितिलाई त्याग्ने सल्लाह कहिल्यै दिएका छैनन्। तर ती रीतिथिति र परम्पराहरू चाहिं धार्मिक सिद्धान्त अनुरूपको हुनु पर्ने कुरामा भने जोड दिनु हुन्छ। अर्को शब्दमा भन्ने हो भने एउटा परम्परा अपनाउनको लागि धार्मिक नियमहरू बिथोल्न हुँदैन। यदि कुनै मानिसले केही धार्मिक महत्त्व नभएका आफ्नै परम्परा अपनाउन चाहन्छ भने उसले त्यो गर्न सक्छ तर धर्मको नाम दिएर अपनाउन हुन्न र ती परम्पराहरू हानीकारक नहुनु नितान्त आवश्यक छ।

## रीतिरिवाज र संस्कार

परम्परा र रीतिथिति अन्तर्गत पर्ने रीतिरिवाज र संस्कारहरू मानिसलाई आकर्षित गराउन, आफ्नो धर्मलाई श्रृङ्गार गर्न बनाइएका कुराहरू हुन्। त्यसले कुनै कुनैलाई मनोवैज्ञानिक मद्दत पुऱ्याइरहेका हुन्छन्। तर धर्म अभ्यासको लागि रीतिरिवाज र संस्कार नै चाहिन्छ भन्ने छैन। बुद्ध धर्ममा त्यस्तो अत्यावश्यक किसिमको रीतिरिवाज र संस्कार अपनाउनु पर्दैन, जस्तो कि कुनै कुनै धर्ममा अपनाउनै पर्ने बाध्यता राखेको हुन्छ। बुद्धका अनुसार आफ्नो आध्यात्मिक उन्नति र मानसिक शुद्धिको लागि कुनै पनि रीतिरिवाजमा टाँसिनु पर्ने जरूरत छैन।

## चाडपर्व

सच्चा र इमान्दार बौद्धहरूले प्राणीको बली दिएर वा जाँड रक्सी पिएर बौद्ध चाडपर्व मनाउँदैनन्। तिनीहरूले बिल्कुलै बेग्लै तरिकाले ती पर्वहरू मनाउँछन्। त्यस्ता दिनहरूमा तिनीहरू खराब कामहरू गर्नबाट विरत रहन्छन्। दान दिएर सेवा गरेर अरूलाई मद्दत पुऱ्याइरहेका हुन्छन्। साथीभाई र इष्टमित्रसँग आदरणीय तरिकाबाट मनोरञ्जन गर्छन्।

धर्मसँग सम्बन्धित चाडपर्वहरूले कहिलेकाहिं धर्मलाई नै प्रदूषित गर्ने गर्दछ भने अर्कोतिर चाडपर्व नभएको धर्म कसैकसैलाई नीरस र निर्जीव जस्तै लाग्न सक्छ। अधिकांशतः केटाकेटी र युवाहरू धार्मिक चाडपर्वहरूकै माध्यमबाट धर्ममा प्रवेश गर्छन्। तिनीहरूका लागि धर्मको आकर्षण भन्नु नै चाडपर्व हुने गर्दछ। किन्तु, ध्यान अभ्यास गर्ने व्यक्तिलाई चाडपर्व भनेको बाधा जस्तो लाग्न सक्छ।

वास्तवमा, कोही कोही मानिसहरू चाडपर्वमा गरिने धार्मिक क्रियाकलापले मात्र सन्तुष्ट हुँदैनन्। तिनीहरू उत्सव र देखावटी काम गर्न औधि रूचाउँछन्। आफ्ना भावनात्मक सन्तुष्टि प्राप्तिका लागि पूजा, पाठ, समारोह, जुलूस आदिको आयोजना गर्छन्। यस्ता क्रियाकलापलाई कसैले पनि बेठीक भन्न सक्दैनन् र कार्यकर्ताहरू अरूलाई बाधा नपर्ने गरी आफ्नो सांस्कृतिक परम्परा अनुरूप व्यवस्था गर्न बाध्य हुन्छन्।

## विवाह प्रति बौद्ध दृष्टिकोण

बुद्धधर्ममा विवाहलाई धार्मिक कर्तव्यको रूपमा होइन बरू नितान्त व्यक्तिगत कार्यको रूपमा मात्र लिइएको छ।

विवाह एक सामाजिक आचार विधि हो, मानिसको हित र सुखको लागि स्थापित एक रीति हो, पशु जीवनभन्दा मानिस जीवन पृथक देखाउने माध्यम हो र सन्तान उत्पत्ति कार्यमा शान्ति र सुव्यवस्था कायम राख्ने प्रथा हो। एक विवाह वा बहूविवाहप्रति बौद्ध साहित्य



Downloaded from http://www.dhamma.digital

मौन रहेतापनि बौद्ध जनमानसलाई एक पति वा एक पत्नीमा आफूलाई सीमित राख्न सल्लाह दिइन्छ। बुद्धले वैवाहिक जीवनको लागि कुनै नियमहरू बनाउनु भएको त छैन, तरपनि सुखी दाम्पत्य जीवनको लागि भने आवश्यक सल्लाहहरू दिनुभएको छ । एक पुरूष वा स्त्रीहरूको पछि नलाग्नु ठूलो बुद्धिमानी हो भन्ने कुरा उहाँका उपदेशहरूमा थुप्रै उल्लेख भएका छन्। मानिसको पतनको मुख्य कारणहरूमध्ये अन्य बहुपुरूष वा स्त्रीहरूको पछि लाग्नु पनि एक हो भन्ने कुरा बुद्ध बताउनु हुन्छ। (पराभव सूत्र)। पत्नी र परिवार पाल्न के कस्ता कठिनाई, दुःख, कष्ट झेल्नु पर्छ भन्ने कुरा महसूस हुनु पर्दछ। दुःख र सङ्कटका घडीहरूमा यस्ता कुराको अनुभव हुन्छ। मानव स्वभावको दोषहरूलाई दृष्टिगत गरी बुद्धले पञ्चशीलमध्ये एक शीलमा काम वासनाको मिथ्याचरण वा व्यभिचार बाट टाढा रहने शिक्षा दिनु भएको हो ।

विवाहप्रति बौद्ध दृष्टिकोण बडो उदार छः बुद्धधर्ममा विवाहलाई धार्मिक कर्तव्य सम्झिन्न र यसलाई पूर्णतः व्यक्तिगत र आफूखुसीको विषयमा गनिन्छ । मानिसले विवाह गर्नै पर्छ वा गर्नै हुन्न भन्ने करकापमा कुनै धार्मिक नियमहरू बुद्ध धर्ममा छैनन्। सकेजति बच्चा जन्माउनु हुन्छ वा पर्छ भन्ने कुरा कतै भनिएको छैन । वैवाहिक सम्बन्धका यावत कुरामा योग्य अनुसार सोच विचार गर्न सबैलाई स्वतन्त्रता दिइएको छ। अब प्रश्न उठ्न सक्छ, विवाह गर्न हुन्छ वा हुँदैन भन्ने कुरामा कुनै नियमहरू नभए बौद्ध भिक्षुहरूले किन विवाह गर्दैनन् त ? यसको स्पष्ट कारण हो मानव, सेवा, जसको लागि भिक्षुहरूले ब्रह्मचर्ययुक्त जीवनयापन गर्दछन्। जो व्यक्ति मानसिक शान्तिको लागि भौतिक मोहबाट पृथक रहन बैवाहिक जीवन त्याग गर्दछ, उसले आफ्नो सम्पूर्ण जीवन अन्य धर्मकामी व्यक्तिहरूको आध्यात्मिक उन्नतिका लागि समर्पण गर्न सक्दछ। बौद्ध भिक्षुहरूले विवाह उत्सवमा भाग लिन्नन् तर दम्पत्तिहरूको मङ्गल कामना कार्यमा भाग लिन्छन्।

## सम्बन्ध बिच्छेद / पारपाचुके

पारपाचुके वा सम्बन्ध बिच्छेदलाई बुद्धधर्ममा वर्जित गरेको त छैन तथापि बुद्धका शिक्षाहरूको इमान्दारीका साथ पालना गर्नेहरूलाई त्यस्तो नौवत (अवस्था) यदाकदामात्र आउने गर्दछ। यदि एक अर्कोसँग साँच्चै नै मिलेर बस्न नसकिने हो भने त्यस्तो अवस्थामा छुट्टिएर बस्ने स्वतन्त्रता स्त्री पुरूष दुबैमा हुनुपर्दछ। लामो समयसम्मको नाजुक पारिवारीक जीवन बिताउनु नपरोस् भन्ना खातिर सम्बन्ध बिच्छेदलाई ग्राह्यता दिइन्छ । 'पराभव' सूत्रमा बुद्ध भन्नुहुन्छ– 'बूढो मानिसले तरूनी स्वास्नी राख्नु हुन्न, किनकि बूढापा र जवानीपन एक आपसमा मेल नखाने हुनाले यसले अनावश्यक समस्या जन्माउँछ, दुःख र अवनति गराउँदछ।'

एक अर्कामा निर्भर रहने र परिपूरक रहने आपसी सम्बन्धहरूबाट कुनै पनि समाजको अभिवृद्धि हुन्छ । कुनैपनि समूह वा समुदायमा आपसी सम्बन्ध भन्नु नै हृदयदेखि अरूको मद्दत र रक्षा गर्नु हो। यस्तो सम्बन्धको परिपाटीमा विवाहले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। आपसी समझदारी र इमान्दारिताबाट विवाहलाई सुखद र उन्नत बनाएको हुन्छ। विवाह विधिले संस्कृतिको विकास र दुई अनजान व्यक्तिहरूको सुखद मिलन गराउनुका साथै डर, एकांकीपन र अलगपना मिटाई दिन्छ। विवाह पछि, हरेक दम्पति एक अर्कामा शारीरिक र बौद्धिक उत्साहको आदान प्रदान गरी एक आपसमा परिपूरक बन्छन् । यहाँनिर श्रेष्ठता र नीचताको कुरा ल्याउनु हुन्न प्रत्येक दम्पत्ति एक अर्काका परिपूरक हुन्, समानताका साझेदार हुन्, शिष्टता, उदारता, स्वच्छता र समर्पणका उद्गम हुन्।

## जन्म नियन्त्रण, गर्भपतन र आत्महत्या

मानिसलाई आफ्नो सुविधानुसारको परिवार बनाउने स्वतन्त्रता छ तापनि गर्भपतनलाई क्षम्य मान्न सकिँदैन ।

जन्म नियन्त्रणमा बौद्धहरूलाई कुनै प्रतिबन्ध लगाइएको छैन। यसकार्यका लागि उनीहरूले प्राचीन वा आधुनिक तरिकाहरू स्वतन्त्रतापूर्वक अपनाउन सक्छन्। जन्म नियन्त्रण गर्नु ईश्वरको नियम विपरित कार्य हो भन्ने कुरा युक्तिसंगत छैन । जन्म नियन्त्रण गर्नु भनेको कुनै अस्तित्वको प्रादुर्भावलाई रोक्नु हो। यसमा कसैको हिंसा वा अकुशल कर्म हुँदैन। तर यदि गर्भपतनका कुनै उपाय अबलम्बन गरेमा त्यो गलत ठहरिन्छ, किनकि यसले दृष्य वा अदृष्य जीवनको नाश गर्दछ । तसर्थ गर्भपतन कार्य क्षम्य हुँदैन ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बाबासाहेव डा. भीमराव अम्बेडकर-एक अध्ययन-३

✍ कृष्ण कुमार प्रजापति
नगदेश बुद्ध विहार

**५. मनुस्मृति अग्निदाह :**

जातपात र बर्ण व्यवस्थाको मूल जड भएको "मनुस्मृति" ग्रन्थलाई "अग्निदाह" गर्ने कार्य ई.सं १९२७ डिसेम्बर २५, तारिखका दिन गर्नु भएको ब्यहोरा भारतीय इतिहासले कदापि बिर्सने छैन । यो एउटा अविस्मरणीय साहसीक घट्ना भै दिएको छ। असमानता, दमन र अन्यायमा आधारित "मनुस्मृति" को अग्निदाह गर्ने कार्यबाट वहाँ भन्ने मात्र होईन, ब्यवहारमा उत्रने र काममा विश्वास गर्ने अग्रदूत नै हो भन्ने कुरो प्रमाणित भएको छ। वहाँ डा. अम्बेडकरज्यूको अदम्य साहसलाई कदर गरी, वहाँले गर्नु भएको "मनुस्मृति अग्निदाह" जस्ता विषयलाई लिएर भारतका नामूद भिक्षु एवं बौद्ध विद्वान डा. भदन्त आनन्द कौसल्यायनज्यूले "मनुस्मृति जलाई गई क्यों ?" भन्ने प्रसिद्ध ग्रन्थ रचना गरी डा. अम्बेडकर ज्यूको साहसिलो कदमको प्रशंसा गर्नु भयो ।

**६. प्रतिभाशाली ब्यक्तित्व :**

डा. भीमराव अम्बेडकर एक बहुमुखी प्रतिभाशाली ब्यक्तित्व हुनु हुन्थ्यो। वहाँ एक जना उच्चकोटीको विद्वान, लोकप्रसिद्ध वकिल, न्यायिक ब्यक्तित्व, महान बिचारक, महान विधिवेत्ता, ओजस्वी लेखक, प्रसिद्ध (नामूद) पत्रकार, भारतको संविधान निर्माता, महान पण्डित एवं उत्पीडित, उपेक्षित, दलित जातिका महान नेता हुनुहुन्थ्यो । त्यस्ता दुर्लभ महान ब्यक्तित्व हुनु भएकोले नै होला, वहाँको ले खनीय हात जतापनि पुगेको छ भन्ने ब्यहोरा वहाँले विविध समयमा लेख्नु भएका, रच्नु भएका लेख, ग्रन्थहरू, पुस्तकहरूबाट प्रदर्शित हुन आएको छ। वहाँले, शुद्र कौन है ? Who were shudras? The problem of Rupees, The Buddha and His Dhamma, भगवान बुद्ध र उनका धम्म, हिन्दु नारीका उत्थान और पतन, Annihilation of Caste जस्ता राजनीतिक कानूनी एवं अन्य विषयका पुस्तकहरू रची प्रकाशित गर्नु भएको थियो ।

**७. सामाजिक क्रान्तिकारी** : डा. अम्बेडकर एक महान सामाजिक क्रान्तिकारी ब्यक्तित्व हुनुहुन्थ्यो, सामाजिक क्रान्तिका जनक हुनुहुन्थ्यो। विश्व ब्रह्माण्डका आधा आकाश ओगटेका यस धरतीका अग्रणी नायिकाको रूपमा रहनु भएका "नारी" वर्गको स्वतन्त्रता, समानता र सम्मानका हकअधिकार हनन् गरी गराई बस्नु परेको बारे वहाँले उद्घोषण गर्नु भएको थियो। हिन्दू सवर्णहरूको पक्षपातपूर्ण अमानवीय ब्यवहारबाट वाक्क दिक्क भएर वहाँले इं.सं. १९३५ अक्टोबर १३ का दिन येवला कम्फेरेन्समा आत्म उद्घोषण गर्नु भयो, "मै हिन्दू धर्म मे पैदा अवश्य हुआ हुँ, परन्तु हिन्दूके रूप मे मरूंगा नही ।" अर्थात् "म हिन्दु धर्ममा पैदा (जन्म) भएपनि हिन्दूको रूपमा मर्ने छुईन् ।" यसरी वहाँले सार्वजनिक ढंगबाट प्रतिबद्धता जाहेर गरे पश्चात् विविध धार्मिक सम्प्रदायका महानुभावहरूले वहाँसित सम्पर्क राख्नु भएतापनि डा. अम्बेडकरले अन्य सम्प्रदायतर्फ झुकाव नराखी वहाँले दीर्घ समयतक बुद्ध धर्म र दर्शनप्रति गम्भिर तवरले अध्ययन गरी, मनन् गरी ई.सं. १९५६ अक्टोबर १४, तारिखका दिन मित्रराष्ट्र भारतको ऐतिहासिक नागपुरमा वहाँ सहित दशौं लाख उत्पीडित, अछुत, दलित जातिका महानुभावहरूलाई श्रद्धेय भिक्षु चन्द्रमणि महास्थविरज्यूको श्रीमुखबाट पञ्चशील ग्रहण गरी बुद्ध धर्ममा दीक्षित हुनु भएको थियो । यस्ता अभूतपूर्व, अविष्मरणीय एवं ऐतिहासिक सार्वजनिक सभामा "बौद्ध" भएको घोषणा पश्चात् डेढ महिना पछि "विश्व बौद्ध भ्रातृत्व संघ" को आयोजनामा नेपालको राजधानी काठमाण्डौमा सम्पन्न भएको "चतुर्थ अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन" मा इं.सं. १९५६ नोभेम्बर २० तारिखका दिन सहभागी भै "बुद्ध र मार्क्स" विषयमा वहाँले ओजपूर्ण सम्भाषण दिनु भएको आज पनि संस्मरण गरिन्छ । सोही प्रबचनको क्रममा वहाँले "बौद्ध मत" भनेको सर्वश्रेष्ठ धर्म हो र सामाजिक दृष्टिकोण भन्दा पनि सर्वोच्च भएको छ भनी ब्यक्त गर्नु भएको थियो। चत्तुर्थ विश्व बौद्ध सम्मेलनमा भारतको तर्फबाट लोक प्रसिद्ध नामुद बौद्ध विद्वानहरूले सहभागीत्व दिलाउनु भएको थियो जस्तो कि डा. भीमराव अम्बेडकर, महापण्डित राहुल साँकृत्यायन तथा श्रद्धेय भिक्षु भदन्त आनन्द कौसल्यायनहरू सहभागी हुनु भएको थियो । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# यात्रा संस्मरण–३

## बुद्धको चारधाम र अन्य भारतका तीर्थस्थलहरूको भ्रमण

✍ डा. नातीमैयाँ मानन्धर भण्डारी

बैशाली बिश्वको प्रथम गणतन्त्र भनिन्छ भन्ने कुरापनि उक्त अवसरमा हामीलाई बताउनु भयो । यसरी हामीले भन्तेबाट बुद्ध सम्बन्धि ऐतिहासिक कुराहरूको ज्ञान हासिल गर्न पायौं । साँझ ५:४० को समयमा हामी बैशालीबाट फर्केर म्यानमार बुद्धविहार भित्र बिश्राम गरेका थियौं। म्यानमार बुद्धविहारबाट २० गते (जनवरी ८ तारिख) भारतीय समय ९:३० मा बिहानको भोजन पछि हामी भारतको अन्यस्थलको भ्रमणगर्नलाई बसबाट हिडयौं ।

बाटोमा बौद्ध रेलिकस्टुप, बिशाखा अवशेष (सन् १९५८ मा पत्तालगाएको) बुद्धको अवशेषबाट निर्मित स्तुप आदिको पनि अवलोकन पछि ४: ३० बजे नालन्दा विश्वबिद्यालय पुगेका थियौं । नालन्दा विश्वबिद्यालयको भग्नावशेषको अवलोकन गर्दा मलाई त्यतिबेलाका भब्य विश्वबिद्यालयको वातारवणले अति भाबुक बनायो। त्यस विश्वबिद्यालयमा त्यसबेला एकहजार प्राध्यापकहरूबाट दशहजार देखि पन्ध्रहजार बिद्यार्थिलाई बिभिन्न विषयमा शिक्षा दिने कुरा पनि थाहा पाएथ्यें ।

भगवान बुद्धको प्रखर अतिप्रिय शिष्य सारिपुत्रको जन्म पनि त्यहिं र निर्वाण पनि त्यहिं भएको थियो । नालन्दा बुद्धको समयदेखिनै एउटा आकर्षणको केन्द्र बनेको थियो । सारिपुत्रले अन्तिम समयमा आएर यहि ठाउँमा आफ्नी आमालाई धर्मोपदेश दिनुको साथै आफू जन्म भएको कोठामानै उनले मृत्यु पनि वरण गरेको रहेछ। त्यसैले बौद्ध श्रद्धालुहरूको लागि यो “नालक गाउँ” नालन्दा एउटा ठूलो तीर्थ स्थल भएको रहेछ । यसैले यो ठाउँ नालन्दा जहाँ सारिपुत्रको जन्म र मृत्यु भएको थियो ‘प्रज्ञा’ केन्द्रको रूपमा बिकास अगाडि बढाएको भन्ने कुरा बिभिन्न इतिहासकारहरूले पनि उल्लेख गरेका छन् । त्यहाँका दृष्य र खण्डहरू अवलोकन गर्दा त्यतिबेलाका भवननिर्माणकर्ताहरूको कलाहरू धेरैनै उत्कृष्ट देखें। त्यहाँको अवलोकन पछि हामी बर्मिज विहार मा रात्री भोजन र बासबस्नको लागि गएका थियौं ।

अर्को बिहान चियापान पछि हामी राजगिरीकालागि हिंडेका थियौं । राजगिरीमा हामीले बेणुवन महाविहार, भगवान बुद्धको प्रथम बासस्थान र राजाबिम्बसारले बनाएको विहारको अवलोकन भ्रमण गऱ्यौं । राजगृहको विहारलाई “बेणुवन विहार” भन्ने रहेछ। बेणुवनको अर्थ “बाँसधारी” भन्ने बुझिन्छ । त्यहाँ गएपछि त्यो ठाउँ विहार बन्नु भन्दा पहिले ठूलो बाँसघारी भएको कुरा पनि थाहा भयो ।

त्यसपछि राजगीरको सप्तऋषिधारा तातोपानी विहार, जरासँघको अखरा, सोना मन्दिर, मृग विहार, राजा बिम्बिशारलाई आफनै छोराले थुनेको कारागार, गृधकुट पर्वत आदिको पनि दर्शन गरियो । बुद्धगयामा हामीले ३:००-५:०० सम्मको समय बिताएका थियौं । त्यसपछि हामी एउटा गेष्ट हाउसमा खाना र रात्री बासको निमित गएका थियौं । भोलीपल्ट बिहान गयामा धेरैजना श्राद्ध गर्न गएका थिए । गेष्ट हाउसमा खाना पकाउन गुरूमाँहरू र अरू आठदश जना महिलाहरू मात्र भएकोले म पनि गेष्ट हाउसको कोठामानै ध्यान भावना गरी बसेकी थिएँ । बिहानको भोजन पछि दिनभर बुद्धगयामा भ्रमणमा गएका थियौं । बुद्धगयामा सुजाताले भोजनदान गरेको स्थान, बुद्धले दुष्कर तपस्या गरेको स्थान आदि पनि हेर्न गएका थियौं ।

सुजाताले भोजन गराएको ठाउँ हेरेपछि मलाई सिद्धार्थले सुजातासंग कुरा गरेको भन्ने एउटा पुस्तकमा पढेको कुरा याद आयो । सुजाता आफनी दासी पन्नको साथ गाउँको उपवनमा “वटवृक्ष” मा पुगेकी थिइन् । सिद्धार्थ पनि आफुले कठोर तपस्या गरेको ६ वर्षपछि बैशाख पूर्णिमाको दिनमा त्यहाँ गाउँको त्यस वृक्ष मुनी रमणिय ठाउँ भएकोले आसन गरी ध्यान बस्नु भएको थियो । सिद्धार्थ तपस्याबाट धेरै गलेको थियो । तर पनि उहाँको मण्डल अपूर्व तेजबाट दिप्त थियो । सुजाताले उहाँलाई वनदेवता पूजा ग्रहण गर्न आएको सम्झेर क्षीर भोजन दान दिएकी थिइन् । त्यही राती सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गरी बुद्ध हनुभएको थियो । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# एवं वादी महा श्रमण–३

✍ डा. गणेश माली

अचेलका वैज्ञानिकहरू पनि यसरी नै कुनै समस्या समाधान गर्नु पर्दा सो समस्याको कारण (Cause) र असर (Effect) बारे अध्ययन गर्छन् जस्तै कि कतै भूकम्प गयो भने कहाँ कति हेक्टरको भूकम्प गयो, के कारणले कसरी गयो र त्यसको प्रभाव कसरी पऱ्यो आखिर अध्ययन अनुसन्धान गरी पत्ता लगाउँछन् ।

आश्चर्यको कुरा छ कि आज भन्दा करीव २६०० वर्ष पूर्व महाश्रमण तथागतले पनि वैज्ञानिक विधिनै अपनाएर दुःख रूपी समस्याको अध्ययन अनुसन्धान गरी समस्याको समाधान गर्नुभएको थियो कि दुख के हो, के भए दुःख हुन्छ, कसरी कुन मार्गबाट जाँदा दुःख निरोध दुःखबाट मुक्त हुन सकिन्छ । वहाँ स्वयं अगाडि बढिरहन्छ । वैज्ञानिकहरू यही हेतु र सम्बन्धित कार्यहरू (Effect) को विश्लेषण गर्दै अध्ययन गरिरहेका हुन्छन् । शाक्यमुनि तथागत सम्बुद्धले पनि दुःखले तड्पीरहेको प्राणीहरू प्रति करूणा राखी दुःख रूपी समस्या समाधान गर्न हेतुहरू तथा हेतु जनित धर्महरू बीचको सम्बन्ध अध्ययन गरी हेतु निरोध तिर बाट दुःख निरोध गर्ने मार्गको खोजीमा लाग्नु भयो ।

तर प्रकृतिको स्वभाविक गति, विकासवादको सिद्धान्तले बताए जस्तै दुःख निरोध नभई बाँच्नलाई संघर्ष गर्दा सबभन्दा योग्यलाई टेवा दिई अगाडि बढाउनु र यसरी प्रगति गर्नु रहेको छ । यदि प्रकृतिको स्वभाविक चाल दुःख निरोध हुँदो हो त, प्रकृतिले चलाई रहेको सबै प्राणीहरूलाई अविद्या को वश गराएर भवचक्रमा घुमाइरहेको प्रकृयाको विरोधमा विद्याको बाटो प्रजाको बाटो खोजी निकाल्नु भयो । राग, द्वेष, मोहको जंजालमा फसी मानसिक विकारहरू (काम, क्रोध, लोभादिहरू) बाट युक्त भई संसारको दुःख चक्रमा दौडिरहेका प्राणीहरूलाई मानसिक विकारहरूबाट मुक्त गराई निर्वाण तिर लैजाने - दुःख निरोध गामिनी मार्ग खोली दिनुभयो । तृष्णाको कारण भवचक्रको दुःखमा घुमिरहनुको साटो वीतृष्णा भै प्रज्ञाको बाटोमा लागी प्राणीहरूको हितको लागि जीवनजिउने कला सिकाइ दिनुभयो ।

भगवान बुद्धले प्राणीहरूलाई दुःखबाट मुक्त गर्न आफ्नो जमानाका मिथ्या दृष्टि अन्धविश्वासहरूलाई एकातिर फालेर, चार श्रेष्ठ सत्यहरूलाई उजागर गर्नुभयो । दुःखको हेतुलाई समूल नष्ट गरी अमृत पद निर्वाण तिर लैजाने सम्यक जीवनको मार्ग, शील, समाधि र प्रज्ञाको मार्ग खोली दिनुभयो ।

भिक्षु अश्वजितले सारिपुत्रलाई बताए जस्तै, दुःखादि धर्महरूको हेतु तथागतले स्पष्ट पारि दिनुभयो, र दुःखहरू जहाँ जहाँ उत्पन्न हुन्छ त्यहाँ त्यहाँ नै निरोध गर्दै जाने सजिलो मध्यम मार्ग पनि खोली दिनुभयो र सो मार्गमा लागेर कसरी दुःखबाट मुक्तभई प्राणीहरू निर्वाण प्राप्त गर्न सक्छन् सो पनि उदाहरण सहित तथागतले प्रष्ट पार्नुभयो ।

तर तथागत सम्बुद्धको महापरिनिर्वाण पछि बुद्ध-धर्मले जति मात्राका विशाल लोकप्रिय रूप धारण गर्दै गयो, उत्ति नै मात्रामा अश्वजितले सारिपुत्रलाई धर्मपर्याय धर्मकोसार भनी बताएको हेतु र धर्महरूको उत्पत्ति र निरोध सम्बन्धी वैज्ञानिक मूल बाटो चतुरार्य सत्य अन्तर गतको प्रज्ञा शील तथा समाधिको मार्ग पनि ओझेलमा पर्न गयो, करीव करीव निष्कृय भएर गयो। स्वभावतः क्लेश हीन श्रेष्ठ जीवन बिताई मार्ग फलहरू प्राप्तगरी अर्हत् पदमा पुग्ने कुरा केवल कथामा सीमित आदर्शको कुरा मात्र रहन गयो । तथागतको मूल धर्म यसरी बेवास्ताको विषय बनेर जानु दुःखद् कुरो हो ।

प्रश्न उठ्छ यस प्रकारको स्थितिमा हामीले के गर्नु पर्छ के गर्न सक्छौं ? आज हाम्रो जीवन व्यक्तिगत स्तरमा र सामाजिकस्तरमा पनि दुःख पूर्ण छ । व्यक्तिगतस्तरमा जीवन चक्रका दुःखहरू त छँदैछन् त्यसमाथि औसत मान्छेहरूको जीवन, महंगी, कालो बजारी, भ्रष्टाचार, घुषखोरी, नाफा खोरी, इत्यादि सामाजिक रोगहरूबाट आक्रान्त छ । सामाजिकस्तरमा मिथ्यादृष्टि, अन्धविश्वास, धनी तथा शक्तिशालीहरूको गरीब र शक्तिहीन माथि शोषण, दुराचार, अन्याय आदिको कारण जीवन दुःखपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । हाम्रा दुःख र अशान्तिलाई केलाएर ती मध्ये हामी आफ्नो प्रयासबाट कतिलाई कसरी हटाउन सक्छौं सो अध्ययन गरी आफ्नो सार्मथ्य अनुसार सुख र शान्ति ल्याउने काममा हामीहरू लाग्नु परेको छ । यस प्रयासमा तथागतको दुःख र अशान्ति निरोध गर्ने तरिका कहाँनिर कसरी प्रयोग गर्न सकिन्छ सो पनि प्रयोग गरी हेर्न सक्छौ ।

भगवान तथागत सम्यक सम्बुद्धद्वारा प्रतिपादित यस महत्वपूर्ण धर्म अनुसार आजको परिवेशमा शान्तिपूर्वक रहन के गर्नु पर्छ भन्ने बारे गम्भीरतापूर्वक सोच विचार गरी काम गर्न सकौं । यसैमा हामी सबैको कल्याण छ । ❖



Downloaded from http://www.dhamma.digital

# जन्म : कर्मको फल हो–३

✍ पूर्णमान महर्जन

वर्तमान जीवनको प्रतिसन्धि चित्तले अघिल्लो जन्मको च्युति चित्तको अनुगमन गर्ने गर्दछ । पहिलेका प्रकृतिहरू, स्वभावहरू, मनोवृत्तिहरू प्रतिसन्धि चित्तमा सुसंस्कृत हुन्छन् । यसरी कर्मको विपाकले एक जन्मपछि निरन्तर, अविरल अविछिन्न र अटुट रुपमा निर्वाणको गन्तव्यमा नपुगेसम्म पुनर्जन्म भइर हन्छन् । त्यसैले महाकारुणिक शास्ताले भिक्षुहरूलाई भन्नुभएको छ– "भिक्षुहरू ! एक कल्पभरी मात्र भिन्न-भिन्न योनिमा जन्मेको एकै व्यक्तिको हाडहरू कहीं एउटा ठाउँमा जम्मा गरिने हो र त्यो नष्ट नहुने हो भने यसको राशी वेपुल्ल पर्वत (मगधस्थित) को बराबर हुन जान्छ । भिक्षुहरू ! तसर्थ सम्पूर्ण संस्कारबाट विरक्त रहनु पर्दछ, विमुक्त हुनुपर्दछ ।" अर्को रुपमा काम, भव र विभव तृष्णालाई त्याग गर्नसक्नु पर्दछ र राग, द्वेष र मोहबाट अलग रहन सक्नुपर्दछ ।

मनुष्य भएर जन्मनु भाग्यको कुरा हो, दुर्लभ कुरा हो जहाँ प्रज्ञाको विकास गर्न सकिन्छ । भय नै भय, त्रास अनि दुःख नै दुःखको भवचक्रबाट पार हुन सक्ने जन्म भनेको मात्र मनुष्य जन्म हो । दुःखको भवसागरीय दलदलबाट पार हुन देवता र अरु प्राणीले अपेक्षा राख्ने जन्म हो, मनुष्यको जन्म । एक पटक अपाय/दुर्गतिमा पतन भइसकेको बालजनको लागि मनुष्य जुनी प्राप्त गर्नु अत्यन्त दुर्लभ हुन्छ । जसरी कोही एउटा मानिसले जुआ/जुवा (हलो जोतिने गोरुको घाँटीमा राखिने काठको चक्का) लाई सागरमा फ्याँकेको छ । त्यो जुवालाई हावाले कहिले पूर्वतिर, कहिले पश्चिमतिर, कहिले उत्तरतिर र कहिले दक्षिणतिर लग्ने गर्दछ । मानौं त्यस सागरमा एउटा अन्धो कछुवा, जो एकसय वर्षमा एक पटक सागरको सतहमा आउँछ, ले दीर्घकालपछि भएपनि त्यस जुवा भित्र पर्न सक्छ, परन्तु अपाय/दुर्गतिमा पतन भएका प्राणी फेरि मनुष्यलोकमा आउने मौका साह्रै कठिन र दुर्लभ हुन्छ । अन्धो कछुवा जुवामा पर्नुभन्दा हजारौं गुणा कठिन छ । किनकि त्यहाँ कुशल कर्म गर्ने मौका हुँदैन र कुशल अकुशल थाहा हुँदैन । एउटाले दोस्रो लाई भक्ष गर्ने, दुःख, कष्ट र पीडा दिने हुन्छन् ।

अविद्या, अज्ञानता र मोहले बाँधिएका, मार्ग र मार्गफल प्राप्त नभएका पृथग्जन भएतापनि मनुष्यको दुर्लभ जुनीको महत्तालाई बुझ्ने सौभाग्य हामीलाई मिलेको छ । त्यसैले जन्मको दुःख र यसलाई जरा, व्याधि र मृत्युले निरन्तर पिछा गरिरहने आदि दुष्परिणामहरू चिन्तन, मनन र आत्मसात्‌गरी सम्यकसम्बुद्धको अनित्य, दुःख र अनात्मको विसुद्धिमार्गमा अग्रसर हुन सकेमा अनन्तसम्म पुनः जन्मिने र मृत्यु हुने भवचक्रबाट पार हुन निश्चय पनि सहयोग पुग्नेछ ।

❖

# सत्यको स्वाद अवर्णनीय

✍ नरेन्द्रनाथ भट्टराई

सत्यको सानो मात्र अनुभवमा पनि गहन आनन्द उत्फुल्लता, उल्हास हुने हुनाले नै सबै धर्मशास्त्रले सत्यलाई सर्वोच्च स्थानमा राखेका हुन् ।

युनान देशका अर्थशास्त्री तथा दार्शनिक सुकरात केही समयसम्म युनान देशमा अर्थमन्त्री पदमा पनि बसेका थिए । उनी सत्यवादी र कर्त्तव्यनिष्ठ महापुरूष थिए । सत्यवादी हुनेबित्तिकै भएकाको गुण त्यस पुरूषमा स्वतः आइहाल्छन् । स्वार्थी, लोभी, अहङ्कारी भारदारहरूको लागि यिनी बाधक बनेकाले सबै मिलेर उनलाई मन्त्रीपदबाट हटाए । त्यसपछि उनी गरीब वर्गको सेवा गर्ने सत्य सन्देश सम्झाइदिने बुझाइदिने गर्दै आनन्द मग्न भएर डुल्न लागे । त्यसवखत युनान देशमा अनेकन् मूर्ति मान्ने । पशुवध नरवध गर्ने अनेकन रूढीवादीलाई धर्म सम्झने र पुण्य सम्झने अनि यस्ता कर्म गर्नेहरू मात्र स्वर्गका वासी हुने जस्तो अन्धविश्वासले जरो गाडेको थियो । शासक वर्गहरूले धर्मको नाममा जनतालाई प्रशस्त शोषण गरिरहेका थिए । सुकरातले अहिंसा, अक्रोध, दया, क्षमा नै धर्मका कार्य हुन, हिंसाले नर्क तुल्य जीवन विताउनु पर्ने हुँदा शासक वर्गहरूले जनताको सेवा गर्नु पर्दछ, शोषण गर्नु हुँदैन, भ्रष्टाचार, व्यभिचार, कालो बजार, घूसखोरी, पाप हुन्, यिनलाई हटाउनु धर्म हो आदि सत्य कुराहरूको शिक्षा दिएर मानिसहरूलाई सत्यको मार्गतिर उन्मुख गराउने कार्यमा लागेका थिए । शासकवर्गलाई यी कुरा चित्त बुझेन । जनताले सत्य कुरा बुझे भने त आफ्नो शोषण कार्यमा, आफ्नो स्वार्थमा आघात पर्न जानेछ भनी सुकरातलाई पक्रेर जनता भाँड्ने, धर्ममा खलल ल्याउने तथा युवावर्गलाई भड्काई देशमा क्रान्ति गराउने आरोप लगाएर जंजीरले बाँधी नेल र हथकडी लगाई विष खुवाएर मार्न सजाय सुनाए । क्रेटो र प्लेटो जस्ता विद्वान तथा दार्शनिकहरू सुकरातका चेला थिए । सुकरातलाई विष पिलाउने अघिल्लो दिन राती मध्यरातमा क्रेटोले गुरूलाई भगाउन कैदखानाको पहरेदारहरूलाई प्रशस्त घूस, दिएर जेलभित्र पसे । त्यतिबेला सुकरातको कोठामा झ्यालको डण्डीबाट पूर्णिमाको् जून पसेर सुकरातलाई देदीप्यमान पारिरहेको थियो । सुकरात जंजीर कै सिरान गरेर मस्तसंग घुरेर निदाइरहेका थिए । केही घण्टापछि अर्थात् भोलि विहान आफूलाई विष खुवाएर मारिने अवस्थामा पुगेको मानिसमा त्यस्तो मस्ती देख्दा क्रेटो किंकर्तव्य विमूढ भएर एकैछिन टोलाएर उभिरहे । विस्तारै गुरूदेव ! गुरूदेव! भनेर घच्घचाए । सुकरातले आँखा खोले। क्रेटोले आफ्नो योजना सुनाए । सुकरातले हाँस्दै भने, "क्रेटो । मैले तिमीवाट यस्तो निन्दनीय पाप कृत्यको आशा गरेको थिइन । सत्यको कहिल्यै मृत्यु हुँदैन । गाढा निन्द्रामा पारेर मैले सुखद मृत्युको अनुभव गरिसकें, असत्यको बाटो म लिन सक्दिन, तिमीले घुस खुवाएर मलाई भगाएर लैजाने विचार गर्‍यौं । यो हुन सक्दैन । जाऊ फर्क। मेरो यो सत्य सन्देशले मानवको कल्याण हुनेछ ।" क्रेटो क्षमा याचना गर्दै रूदै फर्किए । भोलिपल्ट बिहान हाँसी हाँसी सुकरातले विष पिएर अमर भए । मृत्युले उनको एउटा रौं सम्म पनि हल्लाउन सकेन । केही वर्ष भित्रमा नै सुकरातको सत्य सन्देशले युनानको मात्र होइन अरू धेरै देशमा पनि शोषणगरी पापको ज्वालाले दन्किएका मानिसलाई सत्यको शीतल छहारीले आनन्दको अनुभव गरायो । ❖



Downloaded from http://www.dhamma.digital

# ललितपुर मछिन्द्रनाथको रथयात्रा–३

✍ बखतबहादुर चित्रकार

वसुवन्धु गुरूज्यूले औषधि गरी पेट दुखेको रोग निको पारी दिए। राजा खुसि भएर भने, "मेरो रोग निको पारिदिए बापत तिमीले जे माग्छौं त्यो म दिन तयार छु।"

वसुवन्धुले राजाका कान्छो छोरा नेपालमा लैजान पाऊँ भनी मागे राजाले हुन्छ भने । भारदारहरू मानेन । त्यसपछि नरेन्द्रदेवले सोचेर भने, "वसुबन्धुले मोहनी तयार गर्ने । त्यो मोहनी नागराजाले यक्ष कुमारको शरीरमा लगाई दिने ।"

मोहनीको प्रभावले यक्षकुमार नेपाल जान्छु भनी जिक्री गर्न लागे। रानीले राजकुमारलाई कोठा भित्र थुनी ढोका बन्द गरेर ढोकामा नै सुत्न थालिन्। वसबन्धुले साधनाद्वारा यक्ष राजकुमारलाई सोधे। राजकुमारले भने– "म भमरा भएर आउँछु।"

साधनाको बलले भमरा भएर आएका राजकुमार लाई कलशभित्र थुने। सो कलश खोसेर यक्ष राज्यमा नै लगे। वसुबन्धुले चार भैरवको साधना गरी कामको जिम्मा दिए। चारभैरवले कलशभित्रको राजकुमारलाई नेपालको ललितपुरस्थित लगनलेखमा पुर्याई विलिन भए।

तीनै जना नेपाल पुगेपछि वसुबन्धुले लोकेश्वर लाई काठमाडौंमा लैजाने विचार गरे। भक्तपुरका राजा नरेन्द्रदेवले भक्तपुर मै लैजाने जिक्री गरे। पाटनका ज्यापू रथचक्रले पाटनका राजा र देथकालीहरूसँग कुरा मिलाई लोकेश्वरलाई लगनखेलमा नै राख्ने निर्णय गरे अनुसार मच्छिन्द्र नाथको जात्रा पाटनमा चल्दै आएको कुरा किम्वदन्तिमा झल्किरहेको छ।

अब यस घटनाका बारेमा अभिलेखको खोजी गरौं। हालसम्म प्राप्त नेपालको पुरानो वंशावलीको नाउँ हो गोपालराजवंशावली । यो राजा जयस्थिति मल्लको राज्यकालमा भुजिंमोललिपिमा ताडपत्रमा लेखिएको वंशावली हो । यो वंशावलीको भाषा हो संस्कृत र नेपालभाषा । यो वंशावलीमा मच्छिन्द्रनाथको र थजात्रासम्बन्धी उल्लेख गरेका मूलपाठ प्रस्तुत गर्छु –

१) **श्रीनरेन्द्रदेव वर्ष ३५ तस्य आचार्य वंधुदत्तद्वयेन श्रीबुंगमलोकेश्वर भट्टारकस्य जात्रा कृता भवति ॥**

(पत्र २३ क)

यसको भावार्थ– श्री नरेन्द्रदेव राजा भए। यी राजाले आचार्य वन्धुदत्तसँग मिली श्रीबुंगमलोकेश्वर भट्टारकको जात्रा चलाए।

यी वंशावलीबाट राजा नरेन्द्रदेव र गुरू वन्धुदत्त दुई जनाले बुंगमलोकेश्वर अर्थात् मच्छिन्द्रनाथको जात्रा चलाएको हो भन्ने कुरा सिद्ध हुन्छ।

नरेन्द्रदेव लिच्छविराजा हुन् । यिनले नेपालमा वि.सं. ६९९ देखि ७४२ सम्म राज्य गरेका थिए। नेपाल राज्यको विभाजन राजा यक्ष मल्लको मृत्युपछि मात्र भएको थियो।

सुरूदेखि बुंगमलोकेश्वर अर्थात् मच्छिन्द्रनाथको रथजात्रा बुंगमतीमा नै रथ बनाई त्यहीबाट तानेर ललितपुरमा ल्याएर जात्रा मनाउने परम्परा थियो। मल्ल राजा जयस्थिति मल्लको पालादेखि १२ वर्षमा मात्र बुंगमतिमा रथ बनाई जात्रा मनाउने परिपाटि बसालेका थिए।

ललितपुरमा बुंगमलोकेश्वरको रथ बनाउने ठाउँको नाउँ हो पुलचोक र रथ बनाउन काठ र बेटबाट मात्र तयार गरिन्छ । यो रथ ६०/७० फिट अग्लो हुन्छ । रथको काठमा ठूला ठूला चार पांग्रा हुन्छ । यो चार भैरवको प्रतीक मानिन्छ । तान्नलाई डोरी राख्ने लामो धःमाः हुन्छ। यो एउटै रूखको ३२ हात लामो हुन्छ। यसलाई कर्कोटक नागराजा भनिन्छ । यस्ता कठनहरू धेरै छन्।

वैशाख शुक्ल प्रतिपदाको दिन तःबाहाल मन्दिर बाट मछिन्द्रनाथलाई खतमा राखिन्छ। बाजागाजासहित जात्रा गरेर पुलचोक पुर्याई रथमा प्रतिष्ठापन गरिन्छ। ४ दिनपछि अर्थात् चतुर्थीका दिन विधिपूर्वक पूजा हुन्छ । पूजा सकेपछि तानेर गाःबहालमा पुर्याउँछ । यसलाई गाःबहाल इलाकाको छोयलाभू भनिन्छ । भोलिपल्ट भुज्या जात्रा मनाउँछन् , यो बुंगमलोकेश्वरको रथजात्राको पहिलो जात्रा हो।

गाः बाहालबाट तानेर लगेर नुगलटोलमा पुर्याउँछ। यो दिन नुगल इलाकाले छोय्लाभू मनाउँछन्। भोलिपल्ट भुज्या जात्रा मनाउँछन्। यो बुंगमलोकेश्वरको रथजात्राको दोश्रो जात्रा हो।

सुनधाराबाट लगनखेलतिर तानेर लग्छन् । लगनखेल माईथान २ पटक घुमाएर त्यहीं राख्छन् भोलि पल्ट देशवलि पूजा हुन्छ। यसको भोलिपल्ट लगनखेल माईथानबाट तानेर थतिटोलमा पुर्याउँछ। *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# शरण गमन

✍ हेरारत्न शाक्य

शरण काः वनेगु धैगु छगु कथं कतःया भर काः वनेगु खः । थः समर्पण वनेगु खः । थःगु जिम्मा ब्यू वनेगु खः । थः सुरक्षित जू वनेगु खः । शरण वनेत मनूतय्सं बा पशुपंक्षितयसं सुइथाय् वंसा जी गन वंसा जी बिचाः याई । शरण काय् बहःम्ह भिंम्ह, इमान्दार म्ह, बल्लाम्ह सुरक्षा बी फुम्ह सिथाय् जक वनी । शरण वनीम्हं पत्याः दुम्ह विश्वासीम्ह सिथाय् वनी । वं शरण वःम्हे सित धो का बिईमखु । सुरक्षित साथ तयातई । वं माःगु हःपाः बियाः उपाय, ज्ञां कनाः थः थम्हं दनेसने फय्क मग्याका बिई । शरण वनीगु अप्वःयानाः ग्यानाः सीला स्याईला धकाः खः । गुवले सीत व स्यावःपिं खनाः ग्याइमखु वैत शरण माली मखु भ्रीगु समाजय् द्यः पिंके थः भिंथाय् लाका ब्यु, जित छुं भय, त्रास, मवेका ब्यु, धकाः पूजायाः वनी, जि छःपिनिगु शरणे धाः वनी । गुवले वं सुइगु पाखें ग्वाहाली आशा मखनी । शरणवनीपिं थःथःगु आस्था कथं गुलिं महाद्य, गुलिं कृष्ण द्यः गुलि भगवान बुद्ध याथाय् वनी गुलिं भिक्षु भन्ते, गुरूमां, लामाजु, बज्राचार्य गुरूजु पिं थाय् वनी । गुलिं गन वनी गुलिं गन वनी ।

शरणकाइपिं भिंपि, दुःखी प्रति करूणा दुपिं, सःपिं स्यूपिं, सुचरित्र दुपिं, मग्याःपिं जुइमाः । शरण काः वैपिं व शरण बीपिं नं निथी दु । छगू थ्व वर्तमान जीवनय् वःगु दुःख, कष्ट भय् मदेक याउँक सुरक्षितं च्वनेगु मती तैपिं उजोगु बन्दोबस्त यानाः शरण काइपिं दु । मेगु वर्तमान जीवनय् जक मखु । मभिंगु ज्या चाय्कं मचायकं जुइगुलिं जन्म जन्मान्तर तक बुइगु सीगु रोगं कय्का च्वनेमाःगु, बुढा–बुढी जुइगु नापं मयोपिं नापं ह्वनाः दुःख जुइका च्वनेमाःगु यःपिं नापं हने मखंक तापानाः बाया च्वनेमाःगु, थम्हं धैथे मदइगु, थ्व अनेक जुइगु शरीर घाना च्वनेमाःगुलिं खः । गुबले तक भ्रीके कर्म ल्केश ल्यना च्वनी ।' व सिइकाःफुकेगु कुतः मयातकि हानं हानं षडगति भवचक्रय् अनन्त तक चाःचाः हिइक अनेक जन्मकाय् माली । थ्व जन्मय् हे भ्रीसं मचा बले छुं मस्यू, तःधी जुइकाः यौवन मत्ता जुयाः धन मत्ता जुयाः त्यःगुं मत्यःगुं ज्यू मज्यू मधासे शील स्यनीकथं ज्याखँ याना च्वनी भिंगु कर्म यायेगुली वास्ता दैमखु मभिंगु कर्म यातकि तुरन्त फाइदा दैगु धकाः लिफः मस्वसे याये धुंकी, गुकिं तुरन्त कर्म बने जुइ । उकिंया प्रभाव लाःपिसं उजोगु अवैध गैर कानूनी यापिं माःवै अले उखें थुखें सः स्यू पिंथाय् वकिल तय्थाय्, पुलिस तय् थाय् नेता तय् थाय् चाकडि चुकडि याई ध्येवा फुकी, अयनं मजिलकि द्यः द्यःपिंथाय शरण वय् धकाः क्षमा फ्वनी । भय् त्रास मदेका ब्यु धकाः हाःजुई, धाःजुई ।

मनूत इलय् सचेत जूसा छुं ज्यायाय्बले नं सुइतं हानि मजुइक याःसा ग्याका च्वने मालीमखु । मेपिन्त भिंगु खँ भिं ज्यायाना च्वन धाःसा गथेकि आपद पिपद बले थम्हं फुगु बिईगु, दुःखी गरीब पिन्त करूणा तई, ल्वगी पिन्त सेवा याई, शील पाले यानाः थः भिना च्वनी, भिंगु ज्या यानाः त्वते धैगु आँटयाई, मूर्ख ध्वादःपिंसं याःगु गल्ती क्षमा बिई, मन एक चित्त यानाः बसे तई, भिं मभिं छुटे यानाः ज्या याई, भिं मभिंया भोग यायेमाःगुली विश्वास दई सम्यक दृष्टि जीवन चर्या यानाः अपाय् दुर्गति पाखे वने स्वाक लोभ, द्वेष, मोह मदेका बिइपिं गुरू पिनिगु शरणे वनाः थ्व जन्मया जीवन नं भिंकाः मेगु जन्म नं भिंथाय् लाकेगु कुतः लोकोत्तर शरण वंम्हस्यां याई । बुद्धं कना बिज्याःकथं थ्व ब्रह्माण्डय् ३१ स्वीछगु भुवन दु । उकी दुर्गति प्यंगू मेगू नीन्हेगू सुगति दु । सुगतिइ नं मनुष्य लोक छगू दु, देवलोक खुगू दुः ब्रह्मलोक १६ दु, रूपमदुगु चित्त जकगु अरूप ब्रह्मलोक प्यंगू दु । बुद्धं धै बिज्याःगु दु कुशल बा अकुशल कर्म थ्व ३१ स्वीछगू लोकय् जन्म जुयाच्वनी । सुनां थ्व भवचक्रं छुटे जुइ चाहे ज्वी वं जक बुद्धया शरण वनी, धर्म या शरणे वनी, संघया शरणे वनी ।

भ्रीपिंनं थ्व जीवने भिंपिं मसिया मभिंपिनिगु संगते लानाः थः थम्हं वाःचायके मफयाः मखुगु मत्यःगु कर्म याये लाई । कर्म चाहे ची धंगु जूसां तः धंगु जूसां मभिंगु ज्या यासां बने जुइ धुंकी । भिंगु यासां बनेजुइ धुंकी । अले कर्म अनुसार फल विपाक भोगे याये हे माली । कर्म नं स्वथी अंगं याई । शरीरं स्यायेगु , खुयाकायेगु, व्यभिचार यायेगु । वचनं याइगुः मखुगु खँ ल्हाना ठगे याइगु, चुक्कली खँ ल्हानाः ल्वाकेगु, फायेगु याईः छाक्क खँ ल्हानाः नुगले स्याकी मेपिन्त ख्याई, म्वाः मदुगु खँ ल्हानाः ई सितिं छ्वई । मनं याये फुगु मभिं कर्मः कतया वस्तु चाहे जीवन



Downloaded from http://www.dhamma.digital

दुगु बा मुदुगुलि ल्वः वंकेगु, कतः भिना वःगु स्वे मफैगु । नुगः मुइगुः व बदला कायेगु मती तैगु; मखुथे थुइकेगु थ्व भिता अकुशल पाप कर्म धाई । थ्व याये लातकि थुकिं पुतकि तिनि मनूत ग्याना: बचे जुइत शरण काः वनेगु कुतः याई। थ्व मभिंगु कर्मं बचे जुइत भिंपिंगुरू बा पासा पिंगु संगत यायेगु स्वयेमाः । भिता भिंगु ज्या थम्हं फक्व याना च्वनेमाः– दानबीगु, शील मस्यंकेगु, ध्यान यायेगु, गुरूपिन्त आदर तयेगु, थःथिति दु पिन्त सेवा यायेगु, थःके दुगु बा कमाय्यानागु पुण्य नं इना बीगु, मेपिसं याःगु पुण्य ज्या खनाः लय्तायेगु, भिंगु खँ न्यनेगु, भिंगु खँ मेपिन्त कनेगु, दृष्टि तप्यंम्ह जुइगु। अय धैगु भिंगु जायज मनासिब खँय् सकारात्मक दृष्टिकोण दुम्ह जुइगु ।

शरण वनेगु थाय् शरण काइम्ह मभिंम्ह लातकि खिंचां मस्यूगु दुःख सी मालि यो । थौं कन्हे वैदेशिक लजगाः माला बिइपिं म्यानपावर कम्पनी त उजोपिं नं पिहाँ वल । गुपिंसं सम्पत्ति नं ठगेयाना वैगु भविष्यनं ख्युंका बिइ । थागाः मदेका बिइ । देश यात ठगे याइपिं बा विपक्ष बलाना बलकि थःमनुतय्सं त्वतलकि राजनेता त हे विदेशय् शरण काःवनी । वना च्वंगु दु । गथे कि मखुम्ह गाइडं टुरिष्ट यात ठगे याइथाय्, जू म्हिती थाय्, अय्ला थ्वँ त्वंकी थाय्: गजि, भांग, चरेश त्वनिथाय्, म्हंया व्यापार याइपि मिस्तय्थाय्, दुई नंवर या व्यापार याइथाय्, ग्यानपुथाय्, दाँ फुका नं म्हाइपुकेमाय्क, जीवन हे खतराय् लाईथाय् यंका बिइयो । भिंम्ह गाइडं थ्व जीवनय् नं सुख जुइथाय् थः नं कतः नं भिंकेथाय् ब्वना यंकी । उजोम्ह गाइड वा गुरू या शरणे वने फतकि भ्रीपिं भिंथाय् लाइ । थ्व जीवन नं मेगु जीवन नं भिं जुइथाय् लाःवनि । अस्तु ! ❖

***यो पनि जानी राखे राम्रो ...***

## चिन्तामुक्त हुनलाई

**नेपालीमा एउटा उखान छ, चिन्ताले चितातिर डोहोऱ्याउँछ । चिन्ताले मानिसको शरीर र मन दुवै लाई कमजोर बनाउने भएकाले चिन्तामुक्त हुन चाहनेले यसो गर्नुपर्छ –**

(१) **गल्तीमा नअल्भिनुहोस्**

कुनै एउटा गल्तीले तपाईको चरित्र स्थापित गर्न सक्दैन । जीवन एउटा किताब हो भने घटना भनेका यसका पाना हुन् । कुनै पानामा कहानीले अनपेक्षित मोड लिन सक्छ । यही पानामा अल्झेर बस्नुको सट्टा यस्ता नराम्रा कुराबाट सिकेर अघि बढ्नुपर्छ। नराम्रो कुरा मनमा खेलाएर बस्नुहुँदैन ।

(२) **पश्चाताप र चिन्ता नगर्नुहोस्**

चाणक्य नीतिमा भनिएको छ, विगतप्रति पश्चाताप नगर्नु, भविष्यप्रति चिन्ता नगर्नु र वर्तमानमा राम्रोसँग बाँच्नु । विगतमा कुनै गल्ती भएको रहेछ भने यसमा पश्चाताप गर्नु अथवा यसले भविष्यमा पार्ने असरलाई सोचेर चिन्ता गर्नुको सट्टा केही भएको छैन भनेझैं गरी जीवन पुनः जिउन थाल्नुपर्छ ।

(३) **समय बदलिन्छ भन्ने सोचौं**

कुनै संकटमा फसियो भनी जीवन बर्बाद भयो भनेर हरेस खानुहुँदैन । यो जीवनको एउटा क्षण हो, जुन गुज्रिएर जान्छ र जीवन पुनः सामान्य अवस्थामा फर्किन्छ भन्ने सोच्नुपर्छ ।

(४) **सकारात्मक सोच्नुहोस्**

भनिन्छ, हरेक चिजले दुईपटक जन्म लिन्छ, एकपटक दिमागमा र दोश्रो पटक वास्तविक जीवनमा । अर्थात्, हामी जस्तो सोच्छौं, हाम्रा कामहरू त्यस्तै हुन्छन् र यसबाट निस्किने नतिजा पनि त्यस्तै नै हुन्छन् । त्यही भएर नकारात्मक सोच राख्नुहुँदैन ।

**(५) बाँकी क्षणलाई खराब नबनाउनुहोस्**

दिनको कुनै क्षण खराब भयो भने यसलाई मनमा लिएर दिनका बाँकी क्षणलाई खराब बनाउनु ठीक होइन । एउटा क्षण त खराब भइहाल्यो अब बाँकी क्षणलाई समान्य अथवा उत्साहपूर्ण बनाउँछु भन्ने संकल्प गर्नुपर्छ ।

*(सभार- नयाँ पत्रिका)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

गतिविधि

## धर्मकीर्ति विहारमा रक्तदान



*रक्तदान कार्यक्रम सञ्चालन गर्नु पूर्व त्रिरत्न गुणानुस्मरण परित्राण पाठ गर्नुहुँदै कार्यकर्ताहरू*

२०७२ श्रावण २३ गते, शनिबारका दिन धर्मकीर्ति विहारको आयोजनामा ३४ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न भयो । हरेक वर्ष बुद्ध जयन्ती (स्वाँया पुन्हि) को अघिल्लो शनिबार आयोजना गर्ने गरिएको सो रक्तदान कार्यक्रम मिति २०७२ वैशाख १९गते शनिबारका दिन गर्ने भनिएकोमा २०७२ वैशाख १२ गते शनिबारका दिन आएको विनाशकारी महाभूकम्पका कारण स्थगित गरिएको थियो ।

बुद्ध सम्वत २५५९ आषाढ पूर्णिमाको सुखद् संयोगको उपलक्ष्यमा आयोजित उक्त खुल्ला रक्तदान कार्यक्रममा जम्मा ४४ जना स्वयंसेवी रक्तदाता महानुभावहरूले रक्तदान गर्नुभएको सो कार्यक्रमका संयोजक धर्मकीर्ति स्वास्थ्य कमितिका संयोजक रोशनकाजी तुलाधर हुनुहुन्छ भने सो कार्यक्रममा ब्लड डोनर्स एशोशिएशन नेपाल (ब्लोदान) का केन्द्रीय कोषाध्यक्ष मचाकाजी महर्जनले आवश्यक सहयोग गर्नु भएको थियो ।

श्रद्धेय गुरूमांहरूबाट परित्राण पाठ गरी शुरू गरिएको सो रक्तदान कार्यक्रममा रक्तदान गर्नु हुने स्वयंसेवी रक्तदाता महानुभावहरूलाई चिया नास्ताको व्यवस्था निम्न लिखित महानुभावहरूले गर्नु भएको थियो ।



*रक्तदान कार्यक्रममा सहभागीहरू*



Downloaded from http://www.dhamma.digital



क) चम्पा तता भोजन पुचः
ख) अष्टमाया महर्जन भोजन पुचः
ग) सूर्यदेवी शाक्य, तारादेवी मानन्धर
घ) चुनुशोभा वज्राचार्य ङ) रूपशोभा शाक्य
च) मोहन देवी छ) मचाकाजी महर्जन

सो कार्यक्रममा रक्तदान गर्नुहुने रक्तदाता महानुभावहरूको नामावली यसप्रकारका छन् ।

| | |
|---|---|
| १) अगम्य रत्न कंसाकार | २) अनिल रत्न तुलाधर |
| ३) पूर्णकेशरी महर्जन | ४) सविना महर्जन |
| ५) बद्रिलाल नेपाली | ६) ज्योतिराज बज्राचार्य |
| ७) मन्दिरा महर्जन | ८) इन्द्रमान महर्जन |
| ९) राजीव श्रेष्ठ | १०) सुविन महर्जन |
| ११) मुकेश तण्डुकार | १२) अमता शाक्य |
| १३) केशावती गुरुमां | १४) ज्योती बाँडे |
| १५) श्रृजना बज्राचार्य | १६) दयानन्द शाक्य |
| १७) अनिलकृष्ण जोशी | १८) इनु प्रधान |
| १९) प्रनिशकृष्ण कसाः | २०) राजन शाक्य |
| २१) रविन श्रेष्ठ | २२) सरिता महर्जन |
| २३) राम भगत श्रेष्ठ | २४) रमा कंसाकार |
| २५) शुदर्सन रत्न शाक्य | २६) संजय महर्जन |
| २७) श्रेया शाक्य | २८) आभाष मानन्धर |
| २९) सेंकाजी प्रजापति | ३०) सजनराज जोशी |
| ३१) विकाश रत्न तुलाधर | ३२) अरूण सिद्धि तुलाधर |
| ३३) अभिषेक मान सिं | ३४) रोशनकाजी तुलाधर |
| ३५) शंख नारायण महर्जन | ३६) हिरादेवी डंगोल |
| ३७) मिनिशा प्रधान | ३८) मेलिना मुनिकार |
| ३९) युद्धि शाक्य | ४०) सुरेन्द्र ताम्राकार |
| ४१) नितु श्रेष्ठ | ४२) सुवर्ण ताम्राकार |
| ४३) सुरेन्द्रमान शाक्य | ४४) प्रयण शाक्य |

हाल रक्तसञ्चार केन्द्रमा रगतको अभाव भई विरामीहरूको उपचारमा कठिनाई भइरहेको अवस्थामा यस कार्यक्रमबाट रगत आपूर्तिमा केही हदसम्म सहजता आउने आयोजकले विश्वास लिइएको छ ।

***शनिवारिय कक्षा, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी***
*२०७२ श्रावण ९ गते*

## विषय- अभिधर्म

*प्रवचिका- श्रद्धेय धम्मवती गुरुमां*
*कक्षा- श्रीमती रीना तुलाधर*
*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन श्रद्धेय धम्मवती गुरुमांले अभिधर्मको (चेतसिक) विषयमा प्रवचन दिनुभएको थियो ।

मानिस जन्मदाखेरि प्रवित्र पानी जस्तै शुद्ध हृदय हुन्छ । पछि बाहिरको वातावरणले गर्दा चित्त दुषित हुन्छ । अकुशल चेतसिकले गर्दा लोभ, द्वेष, मोह आदि उत्पन्न हुन्छ । चित्त र चेत्तसिक संगसंगै उत्पन्न हुन्छ र नाश हुन्छन् । चेतसिक जम्मा ५२ वटा हुन्छन् ।

**सब्ब चित्त साधारण चेतसिक जम्मा ७ वटा हुन्छन् –**
(१) स्पर्श – आरम्मनलाई स्पर्श गर्नु ।
(२) वेदना – सुख, दुःख, उपेक्षा अनुभव गर्नु ।
(३) संज्ञा – चिन्ने र सम्झने ।
(४) चेतना – चेतना राखी काम गर्नु ।
(५) एकग्गता – चित्तस्थिर हुने ।
(६) जीवितिन्द्रिया – नाम र रूप धर्मलाई सुरक्षा गर्नु ।
(७) मनोसिकार – काम, कुरालाई मनमा राख्नु ।

**पकिण्णक चेतसिक ६ वटा हुन्छन् –**
(१) वितक्क (२) विचार (३) अधिमोक्खो (४) वीरियं (५) प्रीति (६) छन्द ।

**अकुशल चेतसिक १४ वटा हुन्छन् –**
(१) मोह – खराब, अशल थाहा नपाउनु ।
(२) अहिरिक – दुश्चरित्त काममा लज्जा नहुनु ।
(३) अनोतप्प – दुश्चरित्र काममा त्रास नहुनु ।
(४) उद्धच्च – चञ्चल ।
(५) लोभ – लोभ, लालचि हुनु ।



Downloaded from http://www.dhamma.digital

(६) दोष – अरूलाई दुःख दिनु ।
(७) मान – अभिमानी हुनु ।
(८) दिट्ठी – मिथ्यादृष्टि हुनु ।
(९) इर्ष्या – कञ्जुस स्वभाव हुनु ।
(१०) मच्छरिया – त्याग भावना नहुनु
(११) कुकुच्च – पश्चाताप हुनु ।
(१२) थीन – चित्तमा अलशी हुनु
(१३) मिद्ध – चेतसिक असमर्थ हुनु
(१४) विचिकिच्छा – बुद्ध र धर्म र संघमा संङ्का हुनु ।

**शोभन साधारण चेतसिक १९ वटा हुन्छन् –**

(१) श्रद्धा – त्रिरत्नमा विश्वास हुनु ।
(२) सति – त्रिरत्नमा होश राख्नु ।
(३) हिरि – दुश्चरित्र कर्ममा लज्जा हुनु ।
(४) ओतप्प – दुश्चरित्र कर्ममा त्रास हुनु ।
(५) अलोभ – लोभ, लालचि नुहुनु ।
(६) अदोष – मैत्री हुनु ।
(७) तत्रमज्झता – समानता देख्नु ।
(८) काय पस्सदि – काय र चित्त शान्त हुनु ।
(९) चित्त पस्सदि – काय र चित्त शान्त हुनु ।
(१०) कायलहुता – काय र चित्त हलुका हुनु ।
(११) चित्तलहुता – काय र चित्त हलुका हुनु ।
(१२) कायजुकता –
(१३) चित्तजुकता –
(१४) कायकम्मञ्ञता –
(१५) चित्तकम्मञ्ञता –
(१६) कायपागुञ्ञता –
(१७) चित्तपागुञ्ञता –
(१८) कायमुदुता –
(१९) चित्तमुदुता –

**विरति चेतसिक ३ वटा हुन्छन् –**

(१) सम्मावाचा (२) सम्मा कम्मन्त (३) सम्मावाचा

**अप्पमञ्ञा चेतसिका २ वटा हुन्छन् –**

(१) करूणा (२) मुदिता

**पञ्ञा – १**

**अशोभन चेतसिक – २७**

**शोभन चेतसिक – २५**

**जम्मा – ५२**

*२०७२ असार २६ गते, शनिवार*

**विषय– पण्डितवर्ग**

*स्थान- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।*
*प्रवक्ता- देवकाजी तुलाधर*
*प्रस्तुती- राजभाइ तुलाधर*

**सब्बत्थ वे सप्पुरिसा चजन्ति,**
**त कामकामा लपयन्ति सन्तो ।**
**सुखेन फुट्ठा अथवा दुखेन,**
**न उच्चावचं पण्डिता दस्सयन्ति ॥**

सत्पुरुषहरू कुनै पनि कुरामा टाँसिएर बस्दैनन् । तिनीहरू इन्द्रिय सुखमा पनि रमाउँदैनन्, त्यसको बारेमा कुरा गर्दैनन् । सुख, दुःखको अवस्थामा मनलाई अस्थिर गर्दैनन् । सुखमा हाँस्दैनन्, दुःखमा रूँदैनन् ।

**न अत्तहेतु न परस्सहेतु, न पुत्तमिच्छे न धनं न रट्ठं ।**
**न इच्छेय्य अधम्मेन समिद्धि मत्तनो, स सीलवा पञ्ञवा धम्मिको सिया ॥**

आफ्नो लागि वा अरू कसैको लागि जसले कुनै अधर्म गर्दैन, न त उसले अधर्म गरेर पुत्रपुत्री, धन सम्पत्ति अथवा राज्य प्राप्ति गर्ने इच्छा गर्दछ, अनि अधर्मबाट कुनै किसिमको सफलता पाउने आशा पनि गर्दैन, यस्ता व्यक्तिलाई साँच्चिकै शीलवान, प्रज्ञावान धार्मिक भन्नुपर्छ ।

**अप्पका ते मनुस्सेसु, ये जना पारगामिनो ।**
**अथायं इतरा पजा, तीरमेवानुधावति ॥**

यो संसाररूपी समुद्रबाट पार तरेर जाने अर्थात् निर्वाणमा पुग्ने मानिसहरू थोरै हुन्छन् । बाँकी सबै यतातिरकै किनारामा तल माथि दौडिरहेका हुन्छन् । अर्थात् भवचक्रमा नै अल्झिरहेका हुन्छन् ।

**ये च खो सम्मदक्खाते, धम्मे धम्मानुवत्तिनो ।**
**ते जना पारमेस्सन्ति, मच्चुधेय्यं सुदुत्तरं ॥**

तर जसले तथागतद्वारा प्रतिपादन गरिएको सद्धर्ममा राम्रोसँग आचरण गर्दछ उसले यो मृत्युको क्षेत्र अर्थात् संसारबाट पार तरेर अर्को किनारा (निर्वाण) मा उ पुग्नसक्छ ।



Downloaded from http://www.dhamma.digital

# माँ बौया गुण

*प्रस्तुती- सुमित्रा तुलाधर*

दँय् छक: भ्मीसँ माँ बौया गुण लुमंका: माँ बौया ख्वा स्वयगुयाना वया:च्वना । तर भ्मीसं थथे दच्छि इक: जक माँ बापिनी गुण स्मरणयाना: मगा: । न्हिंन्हिं हे माँपिनिगु गुण लुमंका: बिचा: याय्मा: सुथय् दनेसाथं माँया गुण लुमंकेगु आवश्यक ख: । माँया मचा प्वाथय् (गर्भे) च्वँसाँनिसें मैत्री भावतई । प्वाथय् दुने च्वंम्ह मचाया छुँ जुई मचाया अङ्गय् ध्वई स्याई धका: मचा मबूतले च्यूता: काई । थ:त सा:सा:गु योयोगु नय्गु इच्छा जूसाँ मचायात मज्यूगु मनिंगु नइ मखु । मचा मबूतले भ्न्यातुक्यातु ज्या मयासे न्हिच्छि प्वाथय् दुने च्व:म्हं मचाप्रति मैत्रीभाव तया: छुं मजुइमा धका: आशिका याई ।

मचा बुसाँनिसें मचायात मुलय् तया: दुरू त्वंके याई । नव: घच्चा: सह:याना: मुलेहे ट्वाइलेट फाकां: हुईके याई । मचाया ख्व: स: जक तायवँ करूणाभावं काचाकाचा मुलय् तया: दुरू त्वंकी । मचाया स्वास्थ्य न्ह्याबलें स्वस्थ जुईमा बाँलाय्मा धकां:, चिकं बुकी मा:गु बिचा:याना: मुसु जक व:सां डाक्टर क्यने यंकी, सल्लाह काई ।

मचा त:धी जुई बाँलागु शिक्षा बिईया निम्ति बाँला:गु स्कूलय् तयाबी भिंपिं बाँलापिं पासापिं संगत ख: मखु चिन्ता माँया नुगलय् दैच्वनी । इलय्ब्यलय् काय् म्ह्याय्पिं, पासापिनिगु संगत ज्यू मज्यू च्यूता: कया: मुदिता भावं, जाँचय् यक्व नम्वर हय्मा धैगु इच्छा जुई ।

अनं लिपा काय् म्ह्याय्पिं वयस्क अवस्थाय् थ्यने वं इहिपा:याना: बिईगु नं माँ बौया कर्तव्य ख: । ज्हापा भिंगु लँ क्यना: बाँलागु लजगा: चूलाका बिइगु । ताकी अमिगु भविष्य बाँलाय्मा आम्दानी यक्व जुइमा अमिसं या:गु इच्छा कथं जीवन हने दय्मा । मस्तय् आम्दानी बाँलाक दइगु, ज्ञानी जुइवं माँ बौपिं खुशी जुई । मस्तय् इहिपा: याय्गु अवस्था ध्यनकि माँपिसं लजगा: बाँलागु दुम्ह भिंम्ह कुल तइम्ह भौमचा वा जिलाजँ जुइम्ह स्वया: इहिपा: याना बिइगु नं माँ बौपिनि कर्तब्य ख: । थ:पिं बुढाबुढी जुलकि बाँलाक नकेत्वंके याई, म्हं मफइबले वास: याना बिइ, ब्यूसा ज्यू धैगु मस्त प्रति उपेक्षा भाव दै । मस्त न्ह्याक्व हे मभिं अट्टेरी जूसां माँ बौपिनी मस्त प्रति उपेक्षा भाव दै । थ्व प्यंगू गुणया कारणं माँ बौपिन्त महाब्रह्मा धा:गु ख: ।

काय् म्ह्याय्पिसं नं माँ बौपिन्त पौष्टिक आहार बिया: नके, त्वंके यायेमा: म्ह मफइबले डाक्टर क्यना वास: याना: सेवा भावं बिचा: याय्गु । माँ बौपिनी इच्छा आकांक्षा कथं थ:पिसं कमय्यानागु ध्यवाँ वस: न्याना: बिइगु । छेँ सफा याना बिइगु नुग: मच्छिंका च्वंसा आश्वासन बिइगु, कडा वचन मल्हाय्गु जिपिं थन तक थ्यंकेफुगु धैगु माँया प्रेरणा, कुतलं ख: धैगु लुमंकेगु । माँ बौपिं मिथ्या दृष्टि लाना च्वँसां दृष्टि तप्यंका: बिइगु, पुलांगु बिचारे लाना च्वंसा भिंगु संस्कार दय्का बिइगु, इलेब्यलय् धर्मया खँ न्यंका: बिइगु, अमिगु इच्छा कथं मा:गु ब्यवस्थायाना बिइगु जुल धा:सा धात्थें माँया गुण लुमंकूगु जुई । माँ बौ मदय् धुंका: लिपानं अमिगु नामं दान धर्म याय्गु ।

**यो मातरं वा पित्तरं वा जिण्णक गत योब्वनं**
**पहुसन्तो नँ भरति तं पराभवतो मुखँ** *(- पराभव सूत्र)*

अर्थ– सुनानं बैसवंपिं माँ अबुपिन्त थ:के शान्ति दयकं नं पालन पोषण मयात धा:सा व पतन पाखे ब्वाई ।

बसल सूत्र कथं – **तंजञ्ञा बसतो यति**

माँ बौ पाले मयाइपिं चाण्डाल ख: ।

बौद्ध साहित्यय् छम्ह भिक्षुं माँ बौया सेवा यागु –

भगवान्या पालय् छगू परिवारे काय् छम्ह जक । व कायया भगवान् बुद्धया उपदेश न्यना: बिरक्त जुई । छचें च्वने मन मदया: भिक्षु जीवन हनेत भगवान् बुद्धयाथाय् वनी । भिक्षु जीवन हनेत माँ बौया स्वीकृति काय् मा:गु आज्ञा जुया बिज्याई । याक: काय्यात माँ बौ पिसं काय् भिक्षु जुइत स्वीकृति बिई फैमखु । माँ बौपिसं स्वीकृति मब्यूसेंलि काय्म्हं धाई ख्वा: स्वय्गु खसा: अनुमति ब्यु मखुसा जिं आत्महत्या याये धाई । काय् भिक्षु जूसा काय्या ख्वा: जक सां स्वय् दै धका: काय्यात भिक्षु जूवनेत अनुमति बिई । काय् च्वनीगु विहारे यक्व भिक्षुपिं वय् वनेयाना च्वनीगु जुया वं मन एकाग्र याये फैमखु । आ: जि जङ्गलय् च्वना: आध्यात्मिक उन्नति याय् धका: व भगवान् बुद्धया अनुमति कया: जङ्गलय् च्वँवनी । जङ्गलय् च्वनानं ध्यान भावना या:सां व तालिम प्राप्त मजूगुलिं आध्यात्मिक उन्नति याये फैमखु ।

माँ बौया याक: काये भिक्षु जूवंगु सिया: ब्यापारी तय्सँ ब्यापारे धेबा हिनामिना याना धेबा स्यंका: बिइ ।



Downloaded from http://www.dhamma.digital

थुकथं माँ बौया धेबा स्यनाः फुना वन । उपिं नं बुढाबुढी जुल । छैं बुँ तक मिइ माल फल्चा बाय् जुई । फ्वनाः नयेमाःगु अवस्था तकं जुल । श्रावस्तिया छम्ह भिक्षु काय् च्वँच्वँगु जङ्गलय् वनी । भिक्षु वःगु खनाः काय्म्हं न्यनी जि माँ बौया गथे जुया च्वन ? माँ बौया तसंक बाँमलागु अवस्थाजुयाः फल्चाय् च्वनाः फ्वना नयाँ च्वन धाःगु खँ न्यनाः वँ सहथाय् मफई । चीवर तोता छैं वनेगु मतिइ तयाः भगवानं बुद्धयाथाय् अनुमती काःवनी । माँ बौ सेवा यायेत चीवर तोते माः धैगु मदु वंसा ज्यू धैबिज्यासे लिं व माँ बौ नाप लाःवनी । फल्चाय् च्वनाः फ्वनाः नयाःच्वपिं माँ बौ नं काय्यात म्हसिइमखु काय् माँ बौ म्हसिइकाः थः नापं विहारे यंकी । थःम्हं भिक्षा कयाः हःगु भोजन नकाः थःगु चीवर थःम्हं मसूसे माँ बौपिन्त सुयाः फिकी । भिक्षुपिसं वयात आलोचना यासें मनू तयसं श्रद्धां दान ब्यूगु बस्तु गृहस्थीपिन्त नकाः त्वंका तल । छन्त पापलाई, नरक वनी । थज्यागु खँ न्यना वयात दोमन जुइ चीवर तोताः छो वनेगु बिचाः यानाः भगवान् बुद्धयाके न्यँ वनी । फल्चा बाय् जुयाः नये मखंपिं माा बौ सेवा याःगु पाप मखु छ नरकय् वनी मखु । भिक्षुपिं अज्ञानी जूगुलि छन्त अथे धाःगु जुई । भगवान् बुद्धया खँ न्यनाः वइत मन आनन्द जुई । माँ बौया यक्व गुण दुगु जुयाः हे जुइ भिक्षु जीवन हनानं माँ बौपिन्त पालन पोषण याये ज्यू नकेत्वंके याय्माः धयागु बुद्धया उपदेश खः, माँ बौया गुण लुमंका न्ह्याबलें थःम्हं फुथे माँ बौया सेवा यायेत तयार जुया च्वनेमा ।

***(२०७२ बैशाख ५ गते खुन्हु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सञ्चालित कक्षाय् श्रद्धेय इन्दावती गुरुमांनं धर्मदेशना यानादीगु लिधंसाय् ।)***

❀

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



*बुन्हि:*
बि.सं. १९८५ मंसीर, अष्टमी
भोजपुर, टक्सार

*मदुगु दिं:*
बि.सं. २०७२ भाद्र १९ गते
काठमाडौं, महाराजगञ्ज

## दिवंगत दानबहादुर शाक्य

भोजपुर टक्सार शाक्य समाजया थकाली **आजु दानबहादुर शाक्य** दिवंगत जुया बिज्याःगुलिं वसपोलया सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानाच्वना । अथेहे दुःखं कःपि छ्यँजःपिं सकसिनं संसारया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण याय्फय्मा धकाः आशिका याना ।

**भोजपुर टक्सार शाक्य समाज**
यल



Downloaded from http://www.dhamma.digital

## धर्म प्रचार — समाचार

# इन्डोनेशियामा अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलन



*अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलनमा चैत्य र बुद्धमूर्ति उपहार चढाउनु हुँदै नेपाली प्रतिनिधिहरू*

*२०७२ आषाढ ८-१४*
*स्थान- इन्डोनेशिया*

महिलाहरूलाई उचित ज्ञान र शीप सिकाई ध्यान अभ्यास गराई समृद्धशाली, अनुशासित एवम् नैतिकवान् नागरिक बनाउनु शाक्यधिता नेपालको लक्ष्य हो ।

शाक्यधिताले संसारका विभिन्न राष्ट्रहरूमा आफ्नो शाखाहरू स्थापना गर्न सफल भएको छ । यसको प्रमुख कार्यालय अमेरिकामा रहेको छ । संसारमा विभिन्न देशहरू लगायत नेपालको धर्मकीर्ति विहारमा पनि "शाक्यधिता नेपाल" को नामले शाखा स्थापना गरिएको छ। धर्मकीर्ति विहार नेपालमा शाखा स्थापना भए पश्चात् वि.सं. २०६७ बैशाख १८ गते तदर्थ समिती गठन भएको थियो। यस संस्थाले समय समयमा जीवनपयोगी बिभिन्न तालिम र कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

इन्डोनेशियाको YoGyakarta मा सञ्चालित शाक्यधिताको १४ औं सम्मेलनमा हजारौं सदस्यहरू सहभागी भएका थिए । ती मध्ये इण्डोनेशियाका ५०० जना स्वयं सेवकहरूले सहयोग गरेका थिए ।

परित्राण पाठबाट शुरू भएको उक्त कार्यक्रममा विभिन्न देशका शाक्यधिताका प्रतिनीधिहरूबाट कार्यपत्र प्रस्तुत गरी छलफल गरिएको थियो । ती मध्ये नेपालको तर्फबाट प्रीतिवती गुरूमां र ववी वज्राचार्यले नेपालमा हालसालै गएको विनाशकारी भूकम्पमा परी पीडित भएका व्यक्तिहरूलाई भिक्षु भिक्षुणी लगायत उपासको पासिकाहरूले राहत सहयोग प्रदान गरेको दृष्यात्मक प्रस्तुती (Visual presentation) गर्नु भएको थियो ।

उक्त कार्यक्रमको सिलसिलामा नेपालवाट प्रतिनिधित्त्व गर्नु हुने ३ जना गुरूमांहरूले बुद्धपूजा र परित्राण पाठ गर्नु भएका थिए ।

कार्यक्रममा सहभागी विभिन्न देशका प्रतिनिधीहरूले



Downloaded from http://www.dhamma.digital

आ-आफ्नो देशमा के कस्ता कार्यक्रमलाई संस्थागत रूपले अगाडि बढाउने भन्ने विषयमा प्रस्तुती गरिएको थियो ।

नेपालको तर्फबाट प्रतिनिधीको रूपमा भाग लिनु भएका गुरूमांहरू मध्ये शाक्यधिता नेपालका सचिव इन्द्रावती गुरूमांबाट शाक्यधिताका अध्यक्ष तेन्जिङ्ग पाल्मा र उपाध्यक्ष कर्मलक्ष्य सोमोलाई चैत्य र बुद्धमूर्ति उपहार चढाउनु भएको थियो ।

आगामी अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलन २ वर्ष पछि हङ्गकङ्गमा हुने निर्णय गरिएको थियो ।

## दान गरेको आँखाको सफल प्रत्यारोपण

*मध्यपुर थिमि नगर-८,* सिद्धिकाली निवासी धर्मोदय सभा थिमि नगरशाखा, नगदेशका आजीवन सदस्य उपासक तुइकाजी प्रजापतिको पाटन अस्पतालमा उपचार हुँदाहुँदै देशावसान भएको लगतै परिवारजनको सहमतिमा सोही अस्पतालमा तिलगंगा आँखा प्रतिष्ठानका श्रद्धेय कल्याणमित्र चिकित्सक मार्फत दुईवटै आँखा दान गरिएको समाचार छ ।

प्राप्त समाचार अनुसार सो दान गरेको आँखा मध्ये एउटा आँखा सिराहा जिल्ला निवासी ३५ वर्षीय "दिक्पाल" थरका युवा व्यक्तित्वलाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा काठमाडौं जिल्ला साँखु निवासी २१ वर्षीय "बज्राचार्य" थरकी युवती महिलालाई सफल प्रत्यारोपण गरेको बुझ्िन आएको छ ।

यसरी नै नगदेश बौद्ध समूहका कार्यकारिणी समिति सदस्य उपासक मेहरमान नायः जुकी ममतामयी माता रत्न माया नायः गत श्रावण २६ गते ८२ वर्षको उमेरमा देहावशान हुनु भएपछि उहाँको दुबै आँखा तिलगङ्गा आँखा प्रतिष्ठानमा कल्याण मित्र चिकित्सक हस्ते दान गरिएको समाचार छ । सो दान गरिएका आँखा मध्ये एउटा आँखा काठमाडौं महानगरपालिका बौद्ध निवासी ४३ वर्षिय "लामा" थरका प्रौढ व्यक्तित्त्वलाई प्रत्यारोपण गरिएको र अर्को आँखा काठमाडौं जिल्ला बलम्बु निवासी ५१ वर्षिय 'महर्जन' थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरिएको कुरा बुझ्िन आएको छ ।

*मध्यपुर थिमि नगर,* नगदेश निवासी नगदेश बौद्ध समूका निवर्तमान कार्यकारिणी सदस्य ७२ वर्षिय उपासक ज्ञानकुमार सिंकेमन दिवंगत हुनुभयो । सो पश्चात् परिवारजनको सहमतिमा उहाँको दुबै आँखा प्रतिष्ठानका चिकित्सक हस्ते दान दिई दान उपपारमिता पुण्य गरिएको समाचार छ ।

प्राप्त समाचार अनुसार दान गरेका ती आँखाहरू मध्ये एउटा आँखा धनुषा निवासी ३१ वर्षिय "शाह" थरका युवकलाई र अर्को आँखा सिन्धुपाल्चोक जिल्ला निवासी ५४ वर्षिय "गिरी" थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरिएको कुरा बुझ्िएको छ । यस पुण्य कार्यद्वारा दिवंगत आँखा दाताहरूको सद्‌गति र निर्वाण कामना गरिएको छ । यसरी नै उहाँहरूको शोक सन्तप्त परिवारजनले धैर्य गर्न सकोस् भनी समूहले कामना गरिएको छ ।

## गुरुपूजा

पूज्य धम्मवती गुरुमांको ८२ औं शुभजन्मोत्सवको उपलक्ष्यमा सञ्चालित भिक्षुमहासंघको तर्फबाट धर्मकीर्ति विहारमा साप्ताहिक अभिधर्म पाठ कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रम अवधिभर धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहले ८ दिनसम्म ज्ञानमाला भजन प्रस्तुत गरेको थियो ।

गुरुपूर्णिमाको दिन भजन समूहले पूज्य धम्मवती गुरुमांलाई गुरुपूजा गरेको थियो । यसको साथै ज्ञानमाला भजनका प्रशिक्षक पन्नाकाजी शाक्य र शीवलाई पनि गुरुपूजा गरेको थियो । यस उपलक्ष्यमा धम्मवती गुरुमांको तर्फबाट धर्मकीर्ति ज्ञानमाला भजन समूहलाई रू. ३०००/– चन्दा प्रदान गर्नुभएको थियो ।

### बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ बुद्ध शासनमा सर्वप्रथम श्रोतापन्न हुने महिला थिइन् **कुररघर की काली** उपासिका । उनी बुद्धलाई नभेटिकनै श्रोतापन्न भएकी थिइन् ।

★ आनन्द, अनुरुद्ध, भद्दिय, भगु, किम्बिल, देवदत्त (सबै शाक्यहरू) र उपालि नाउ - यी ७ जना सँगै भिक्षु भएका थिए । यी मध्ये उपालिलाई सबैभन्दा पहिले प्रब्रजित गरिएको थियो ।

★ **शुद्धोदन** - कपिलवस्तुको राजा । पिता : शिंह हनु । आमा : कञ्चना । भाइहरू : धौतोदन, शुक्लोदन, अशुक्लो दन (शुक्रोदन), अमृतोदन । बहिनीहरू : अमृता र प्रमिता । पत्नीहरू : महामायादेवी र प्रजापति गौतमी । छोराहरू : सिद्धार्थ र नन्दकुमार । छोरी : नन्दाकुमारी ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# विहारको समुद्घाटन




*कार्यक्रममा भाग लिनुहुँदै भिक्षु मैत्री, भिक्षु श्रद्धातिस्स एवं भिक्षुणी इन्दावती*

*२०७२ श्रावण १६–२३ सम्म*

चीनको Hailer स्थित विहारको समुद्घाटन कार्यक्रममा नेपालबाट भन्ते, गुरुमां लगायत उपासको पासिकाहरूको पनि सहभागीता रहेको थियो ।

लुम्बिनीस्थित चाइनिज विहारमा रहनुभई दशौं वर्षसम्म उक्त विहार सञ्चालन गर्नुभएका भिक्षु Huai Shan लाई लुम्बिनी स्थित राजकिय विहारका प्रमुख भिक्षु विमलानन्द महास्थविरले ६ वटा पवित्र अस्थिधातु प्रदान गर्नुहुँदै यस पवित्र अस्थि धातुलाई चीनमा लगी विहार निर्माण गरी संरक्षण गर्न अनुरोध गर्नुभएको थियो ।

त्यसपछि भिक्षु Huai Shan ले लुम्बिनीको चाइनिज विहार अन्य एक भिक्षुलाई जिम्मा लगाई आफ्नो जन्मस्थान उत्तरी चीनस्थित Hailar मा दशौं हजार बुद्ध मूर्ति राखी विहार स्थापना गर्नुभएको थियो । उक्त विहार को नाम "वान फो शि" राखिएको थियो । यस नामको अर्थ यसरी जनाइएको छ– **वान्** – दशौं हजार, **फो** – बुद्ध, **शि** – विहार ।

श्रावण १६ गते नेपालबाट भन्ते गुरुमां लगायत उपासक उपासिकाहरूको समूह गरी जम्मा १० जना व्यक्तिहरूले नेपालको तर्फबाट उक्त कार्यक्रममा भाग लिएका थिए ।

सहभागीहरूको नाम यसरी रहेका छन्– भिक्षु मैत्री, भिक्षु श्रद्धातिस्स (श्रीलंका), भिक्षुणी इन्दावती, देवकाजी शाक्य, राजकाजी शाक्य, नारायण प्रसाद सापकोटा, वसन्तकुमार विहारी, प्रेमकुमारी पन्त, बबिन र चाइनीज च्याऊ शुटेन आदि ।

उक्त कार्यक्रममा नेपालबाट देवकाजी शाक्य र प्रेमकुमारी पन्तले आ-आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएका थिए ।

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ बुद्धसँग अंश माग्न आउने एउटै व्यक्ति थिए; त्यो हो उहाँकै ७ वर्षिय छोरो **राहुल कुमार** ।

★ बुद्धसँग अंश माग्न आउने राहुल कुमारलाई बुद्ध कपिलवस्तु पुगेको सातौं दिनमा प्रवजित गरिएको थियो । *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# तः भुखाय्

✍ लक्ष्मी हीरा तुलाधर
डिल्लीबजार (ज्याठा ठमेल) काठमाडौं

मनं मखनागु, चायकेहे मफुगु
ग्यानापुसे च्वंगु व मध्यान्ह या ई ।
वाक्कु छिनाअले कुरूरू वा न्हयया
हुनुन हाला दे थ्वय्क ।

चाः चाः हुइकल च्वे क्वयय् पुइकल
नेपादेयात उखेलाः थुखेलाः मदय् कल ।
ऐतिहासिक सम्पदा परंपरा यागु
घौछिँ हे अले ध्वस्त याना विल ।
छु जू छु जू धाय्हे मफय्क,
यक्को मनूतनं सिना वन ।
दना च्वंगु ठिङ्ग धरहरा नं
ग्यानाः बैं ग्वारा तुला विल ।

देगः दरवार यक्को छैं नं थन
कलाकृती पुलांगु फुक्कं दुना वन ।
यक्को यक्को मनूतय्गु नं अले
बास व लासनं मन्त थन ।
विधवा, टुहुरा, अले परिवार विहिनया
पीडां कःपि यक्को थन ।
गथे याय, गन वने, छु नय् आः थन,
हाहाकार, कोलाहल जुल थन ।

वा, फय् निभाया निर्दयी व्यवहार नं,
सहहे याना च्वने माल थन ।
सीपिं सित मखु म्वापिं सित थन,
बाम्हसी बाम्ह म्वाः जुइक म्वाना ।

नकाः, त्वंकाः, न्यासि न्यासि चाय्का,
तिं ति न्हूइका यो यो थे संका ।

सुयातं छसःहे छुं हे मधासे
मुसु मुसु न्हिला तुलु तुलु सोया ।

थः मचाः भाःपाः सह या याँ छँ,
धरती माता जिपिं जुया ।
इपां थिपां छुं हे मसिया
न्ह्यावलें थथेहे खनी भाः पाः ।

वस्वे व च्वे, वं से वंस्यू ,
धैगु घमण्डं प्रमत्त जुयां ।
गः पः ध्य ध्यँ ही बा वय्का,
ल्वाना जुया भ्रीपिं दाजु किजा, तह केंहे लोमंकाः ।

नुगः ख्वय्काः सहयाय् मफयंका,
ही मि चायाः अत्याचार जूगु खनाः ।
थः मचा धैगु नं होश हे मदय्काः
नेपा दे हे नष्ट यायगु मने तया ।

वल छ निष्ठुर निर्मायाः जुयाः थन,
अदृश्य तः भुखाय्या रूप कयाः ।
क्षमा याना ब्यु हे धरती माँ जिमित ।
ख्वय्के मखु छंगु हृदय, आ जिमिसः ।
निपा ल्हातं विन्तीयानाः पापया प्रायश्चित याना जिमिसं ।
चा न्हिं कम्पन त्रासं जिमित,
बी गात यो माँ सजायं जिमित

मनं मखनागु चाय्के हे मफुगु ।
ग्याना पुसे च्वंगु, व मध्यान्ह या ई : ।
वाक्कु छिनाः अले कुरू कुरू वा न्ह्चयाः,
हुनु नु हाला दे थ्वय्क ।



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

धर्मकीर्ति विहारमा वि.सं. २०७२ साल गुंला पर्व (२०७२ श्रावण ३० गते, शनिवार देखि भाद्र २८ गते, सो मवार सम्म) एक महिना सञ्चालित बुद्धपूजा कार्यक्रममा बुद्धपूजा र धर्मदेशना गर्नुहुने भन्ते गुरुमांहरूको नामावली यस प्रकार रहेको छ –

| क्र.सं. | २०७२ साल | बुद्धपूजा गर्नुहुने गुरुमां | धर्मदेशना गर्नुहुने भन्ते/गुरूमांहरू |
|---|---|---|---|
| | श्रावण | | |
| १ | ३० गते, शनिबार | शुभवती | धम्मवती |
| २ | ३१ गते, शनिबार | क्षान्तिवती | चमेली |
| ३ | ३२ गते, सोमबार | क्षान्तिवती | पञ्ञावती |
| | भाद्र | | |
| ४ | १ गते, मंगलबार | पञ्ञावती | जवनवती |
| ५ | २ गते, बुधबार | पञ्ञावती | केशावती |
| ६ | ३ गते, बिहीबार | त्यागवती | त्यागवती |
| ७ | ४ गते, शुक्रबार | मेत्तावती | दानवती |
| ८ | ५ गते, शनिबार | वण्णवती | खेमावती |
| ९ | ६ गते, आइतबार | दानवती | मेत्तावती |
| १० | ७ गते, सोमबार | इन्दावती | इन्दावती |
| ११ | ८ गते, मंगलबार | वीर्यवती | वीर्यवती |
| १२ | ९ गते, बुधबार | शुभवती | शुभवती |
| १३ | १० गते, बिहीबार | अमता | अमता |
| १४ | ११ गते, शुक्रबार | सुवण्णवती | दानवती |
| १५ | १२ गते, शनिबार | सुवण्णवती | धम्मवती |
| १६ | १३ गते, आइतबार | सुवण्णवती | सुवण्णवती |
| १७ | १४ गते, सोमबार | क्षान्तिवती | क्षान्तिवती |
| १८ | १५ गते, मंगलबार | शुभवती | शुभवती |
| १९ | १६ गते, बुधबार | चमेली | भिक्षु मंगल |
| २० | १७ गते, बिहिबार | सुवण्णवती | पञ्ञावती |
| २१ | १८ गते, शुक्रबार | पञ्ञावती | जवनवती |
| २२ | १९ गते, शनिबार | खेमावती | केशावती |
| २३ | २० गते, आइतबार | केशावती | खेमावती |
| २४ | २१ गते, सोमबार | वण्णवती | वण्णवती |
| २५ | २२ गते, मंगलबार | त्यागवती | त्यागवती |
| २६ | २३ गते, बुधबार | दानवती | मेत्तावती |
| २७ | २४ गते, बिहिबार | इन्दावती | इन्दावती |
| २८ | २५ गते, शुक्रबार | वीर्यवती | वीर्यवती |
| २९ | २६ गते, शनिबार | त्यागवती | श्रद्धाचारी |
| ३० | २७ गते, आइतबार | खेमावती | केशावती |
| ३१ | २८ गते, सोमबार | केशावती | धम्मवती |



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



**दिवंगत आनन्दमान सिंह तुलाधर**
*जन्म : १९९० फागुन ४ गते, विहीबार*
*दिवंगत : २०७२ श्रावण २६ गते, मंगलबार*



**दिवंगत चन्द्रलक्ष्मी बज्राचार्य**
*जन्म : बि.सं. २००३, भाद्र २८*
*दिवंगत : बि.सं. २०७१ फागुन १० गते*

बुद्ध शिक्षा व बुद्ध शिक्षां भय्ब्यूगु
ज्ञानमाला भजन प्रति
अतिकं श्रद्धावान् जुयादीपिं धर्मकीर्ति ज्ञानमाला भजन समूहया
**का. दुजः भाजु आनन्द मान सिंह तुलाधर**
व
**मय्जु चन्द्रलक्ष्मी वज्राचार्य**
दिवंगत जुयादिल ।
वय्कःपिनि अनन्त गुणयात स्मरण यासे वयकःपिं
निम्हसियां सुगति व निर्वाण कामना याना ।
वयकःपिनि परिवारपिसं थुगु दुःखद् घडी
धैर्य धारण यासे संसारया अनित्य स्वभावयात ढुनुगलं
थ्वीके फय्मा धकाः कामना याना ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला पुचः
**धर्मकीर्ति विहार**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



मेदलुंप निगममा ८० वर्षिय कोशल नरेशले भगवान् बुद्धको पाउ ढोगी श्रद्धा व्यक्त गरिरहेको

वर्ष-३३; अङ्क-५

बु.सं. २५५९, यँयाःपुन्हि

Downloaded from http://www.dhamma.digital

भिक्षु अमृतानन्दया नीन्याक्वःगु
गुणाणुस्मरण रजत दिवसया लसताय् बुसं २५५९



## ज्ञानमालाया अग्र श्रष्टा

# भिक्षु अमृतानन्द

✍ **सिद्धिरत्न शाक्यभिक्षु**, नःघः, यें

लूगु खः हाकनं ह्याउँजः नेपाःया न्हापांगु विहार
बुद्ध, धर्मया केन्द्र हे जुयाः वःगु आनन्दकुटी विहार
बुद्धया शिष्य धर्मया शोभा थुगु विहारया भन्ते
अमितानन्द ! अमृतानन्द ! अमृतानन्द भिक्षु जुयाः ॥१॥

महाचैत्य स्वयम्भूया ह्यःने पुलांगु भजन सतलय्
केवल राग व तालय् क्यंगु भक्तिनशां काःगु इलय्
सुथःया जःथें लुइकल ल्वःगु ज्ञानया माला हे जुयाः
अमितानन्द ! अमृतानन्द ! अमृतानन्द भिक्षु जुयाः ॥२॥

बुद्ध, धर्म, संघ म्हसीगु ज्ञानया स्येत च्वयाः
भजनय् बुद्धधर्म खनीगु दर्शन न्हूगु हे बियाः
जुया बिज्याःगु नायः छःपिं ! ज्ञानमालाया श्रष्टा जुयाः !
अमितानन्द ! अमृतानन्द ! अमृतानन्द भिक्षु जुयाः ॥३॥

ज्वना यंकूगु कांसरकारं ज्ञानमाला स्ये हाःगु सियाः
स्व ! भ्रन थ्वःगु, भ्रन न्यनावंगु कुंकुलामं विहारविहारय्
(थ्यंक जुयाः)
ज्ञानमालाया छःपिं ध्याचलय् लाःपिनि मिखा जुयाः
अमितानन्द ! अमृतानन्द ! अमृतानन्द भिक्षु जुयाः ॥४॥

भक्ति रसया राग व तालय् तंकेमते न्हां थःत थःम्हं
जीवनपथ थःगु लुमंकि ध्वंलाये मते न्हां ! थःत थःम्हं
क्यना बिज्याःगु लँ छःपिसं ज्ञानमालाया अग्र जुयाः
अमितानन्द ! अमृतानन्द ! अमृतानन्द भिक्षु जुयाः ॥५॥

*(श्रीघः ज्ञानमाला भजनया ग्वसालय् भिक्षु अमृतानन्दया नीन्याक्वःगु गुणानुस्मणदिवसय् न्यंकूगु ने.सं. ११३५ गुंलागाः पारु)*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) समा तुलाधर, रमा कंशाकार, इतुंबहा रू. २०००/–
२) अनागारिका मुदिता, बलम्बु स्व. आमाको पुन्यस्मृतिमा भोजन प्रदान तथा रू. १५००/–
३) प्रकाश बीरसिंह तुलाधर, लाजिम्पाट रू. १५००/–
४) गौरी संकर मानन्धर रू. १५००/–
५) सारदा मान शाक्य, कोपुण्डोल, ललितपुर रू. १०००/–
६) केशचन्द्र शाक्य, बनेपा रू. १०००/–
७) तीर्थ राज शाक्य, बनेपा रू. ५००/–
८) बुध्द भक्त रंजित, बनेपा रू. ५००/–
९) प्रेमज्योती शाक्य, बनेपा रू. ३००/–
१०) अशोक रत्न शाक्य, तुयु लक्ष्मी शाक्य बनेपाबाट खाद्यान्न प्रदान ।
११) नेपाल रेडक्रश सोसाइटीको ५२ औं स्थापना दिवसको उपलक्ष्यमा काभ्रेपलाँचोक जिल्ला शाखाका सभापति
१२) श्री रधुवर चौप्रधानज्यूबाट खाद्यान्न वितरण ।
१३) सुमन हिरा स्थापित परिवार, फसिकेब बाट भोजन प्रदान ।
१४) नानु मैंया शाक्य परिवार, बुद्धनगरबाट भोजन प्रदान ।

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

१५) गणेश कुमारी मानन्धर, नरदेवी, आफ्नो जन्मदिनको उपलक्ष्यमा रू. १५०००/–
१६) लक्ष्मी हिरा तुलाधर, सामाखुसि आफ्नो जन्मदिनको उपलक्ष्यमा रू. १५०००/–
१७) प्रेम नारायण ब्याँमानन्धर, तीनदोबाटो, बनेपा आफ्नो जन्मदिनको उपलक्ष्यमा रू. १५०००/–
१८) कदम् कुमारी ब्याँमानन्धर, तीनदोबाटो, बनेपा आफ्नो जन्मदिनको उपलक्ष्यमा रू. १५०००/–
१९) दिल शोभा शाक्य, चारदोबाटो, बनेपा आफ्नो जन्मदिनको उपलक्ष्यमा रू. १५०००/–

Downloaded from http://www.dhamma.digital